# परिच्छेद : एक
# शोध परिचय

## १.१ शोधशीर्षक

यस शोधपत्रको शीर्षक **'हाम्रो नेपाली किताब' कक्षा - छ र 'मेरो नेपाली माला' -छको तुलनात्मक अध्ययन** रहको छ ।

## १.२ शोध प्रयोजन

त्रिभुवन विश्वविद्यालय अन्तर्गत शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षण विभाग अन्तर्गत एम.एड. नेपाली दोस्रो वर्षको पाचौँ पत्रको आंशिक परिपूर्ति गर्नु प्रस्तुत शोधपत्रको प्रयोजन रहेको छ ।

## १.३ समस्या कथन

'हाम्रो नेपाली किताब' कक्षा छ र 'मेरो नेपाली माला' छ पाठ्यपुस्तकहरूको तुलनात्मक अध्ययन शीर्षकको शोधपत्रको समस्याकथनमा यी दुई पाठ्यपुस्तक अध्ययनका लागि पाठ्यक्रम अनुरूप तयार भएका छन् कि छैनन् ? भनेर अध्ययन गर्ने क्रममा यी दुई पाठ्यपुस्तक र कक्षा छको नेपाली भाषा पाठ्यक्रमका विधा र प्रस्तुतिका आधारलाई समस्या मानेर संक्षिप्त अध्ययन र तुलना गरिएको यस अध्ययनमा यी दुईका आन्तरिक र बाह्य पक्ष के कस्ता छन् ती समस्याको अध्ययन गरिएको छ । यी दुई पाठ्यपुस्तकको विश्लेषणका आधार के-के हुन् भन्ने कुरालाई समस्या मानिएको छ । जसमा विषयवस्तु विधा, शब्दभण्डार, भूमिका आदिको आधार लिइएको छ । यी दुई पाठ्यपुस्तकका सबल र दुर्वल पक्षहरूलाई समस्या मानी तुलना गरिएको छ । त्यसका समस्या औंल्याई सुझाव दिनु नै यस अध्ययनको समस्या कथनको रूपमा लिइएको छ । यिनलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :-

१. 'हाम्रो नेपाली किताब' कक्षा छ र 'मेरो नेपाली माला' -छ पाठ्यपुस्तक पाठ्यक्रम अनुरूप छन् कि छैनन् ?

२. उक्त पाठ्यपुस्तकहरूमा वाह्य र आन्तरिक पक्ष के कस्ता छन् ?

३. यी पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरू के कति छन् ? सुधारका लागि के सुझाव दिन सकिन्छ ?

## १.४ शोधको उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नलिखित रहेका छन् :-

(क) 'हाम्रो नेपाली किताब' कक्षा छ र 'मेरो नेपाली माला' -छ का पाठ्यपुस्तकहरूलाई पाठ्यक्रम अनुरूपताका आधारमा अध्ययन गर्नु ।

(ख) यी पाठ्यपुस्तकका बाह्य र आन्तरिक पक्षका विशेषताहरूमाथि प्रकाश पार्नु ।

(ग) यी पाठ्यपुस्तकका आन्तरिक र बाह्य पक्षका विशेषताहरू र यिनका सबल र दुर्बल पक्षहरूको तुलनात्मक अध्ययन गर्दै सुधारका निम्ति सुझाव दिनु ।

## १.५ पूर्वकार्यको समीक्षा

भाषा सिकाइमा भाषा पाठ्यपुस्तकको प्रमुख स्थान छ । पाठ्यपुस्तकबाट नै शिक्षणकार्य निश्चित गरिने हुनाले पाठ्यपुस्तकको निर्माण र छनोटमा ध्यान दिनु आवश्यक मानिन्छ । निम्न माध्यमिक तहको कक्षा ६ विद्यालय तहको मात्र नभएर सिङ्गो शिक्षण प्रक्रिया र तहकै जग मानिएको छ । जगलाई बलियो बनाएर मात्र माथिल्ला तहहरू सबल हुनसक्छन् । त्यसैले यस तहमा भाषा शिक्षण गर्दा के कस्ता र कति शब्दहरू छनोट गरेमा पाठ्यक्रमका उद्देश्यहरू पूरा हुन सक्छन्, विद्यार्थीको रुचि, क्षमता र स्तर अनुकूल हुन्छन्, भाषिक रुचि विकासका लागि कुन कुन विधाहरू उपयोग गर्न सकिन्छ, कुन कुन विधा मार्फत के के पाठ्यपुस्तकहरू शिक्षण गर्न तथा अभ्यास गर्न सकिन्छ, तिनीहरू पुस्तकमा सम्पादन गर्दा कस्तो रखाइ संयोजित गरिनुपर्छ, आदि प्रश्नहरू पनि पाठ्यक्रम निर्माता र पाठ्यपुस्तक लेखक तथा प्रयोगकर्ताहरूले ध्यान दिनुपर्ने हुन्छ । यसरी पाठ्यपुस्तकमा शब्द, विधा, भाषिक सीपका अभ्यासहरू पठनबोधका अभ्यासहरू विषयवस्तु चित्र, भाषिक संरचना र शैली तथा बाह्य अर्थात् भौतिक पक्ष समेतको सन्तुलित संयोजनमा ध्यान दिइन्छ । त्यस्तै पाठ्यक्रमको भावना उद्देश्य विषय क्षेत्र तथा समय निर्धारणका पक्षबाट पाठ्यपुस्तक निर्देशित र अनुकूल बनाइन्छ ।  भाषा र वक्ता बीच अन्योन्याश्रित सम्बन्ध छ । त्यसैले विभिन्न उमेर समूहका भाषिक वक्ताहरूमा हुने शब्दभण्डार तथा शब्दहरूको आवृत्ति विधि सम्बन्धी अध्ययनहरू भएका भए पनि पाठ्यपुस्तकहरूको सिङ्गो अध्ययनको, पाठ्यक्रम

अनुरूपता तथा पाठ्यसामग्रीहरूको तुलनात्मक अध्ययन सम्बन्धी अध्ययन अनुसन्धान नगन्य रूपमा भएका छन् । रस्तोगी (सन् १९७८), त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसन्धान केन्द्र तथा वेसिक एण्ड प्राइमेरी एजुकेशन मास्टर प्लान (१९९१-२०००) आदिबाट भएका अध्ययनहरूले पाठ्यक्रम, पाठ्यपुस्तक तथा तिनको प्रभावकारीता बारे अनुसन्धान गरेका छन् र यी बाहेक त्रि.वि.का विभिन्न विद्वानहरूका शोधपरक कार्यहरू र स्नाकोत्तर तहमा लागि गरिएका त्रिभुवन विश्व बाट खासगरी मानविकी र शिक्षा सङ्काय बाट गराइएमा शोध अध्ययनहरू पनि भाषा र भाषा पाठ्यपुस्तकसँग सम्बन्धित देखिन्छन् । यी पूर्व अध्ययनलाई काल क्रममा यसरी संक्षिप्त चर्चा गरिएको छ :-

**वन इभाल्युएसन अफ् महेन्द्र माला सेरिज् फर क्लासेज १-५** (सन् १९७८) मा पाठ्यपुस्तकबारे अध्ययन भएको पाइन्छ । यस अध्ययनमा पाठ्यपुस्तकमा सम्पादित पाठ्यवस्तुहरू विद्यार्थीहरूको बौद्धिक परिपक्वता भन्दा स्तरीय भएको, शब्दभण्डारको भार बढी भएको, विधागत पाठहरूको संयोजन स्तर नमिलेको, शब्द चयनमा छनोट र स्तरणको पालना नगरिएको, भाषिक सीपहरूको लागि पर्याप्त अभ्यास नभएका जस्ता निष्कर्षहरू निकालिएका भए पनि कक्षा छका पाठ्यपुस्तकका सम्बन्धमा भने उनले कहीँ कतै उल्लेख गरिएको छैन ।

हेमाङ्गराज अधिकारीद्वारा (वि.सं २०४४) 'शिक्षालाई जीवनपयोगी बनाउने कारक तत्त्व' शीर्षकमा प्राथमिक तहका पाठ्यक्रम पाठ्यपुस्तकहरूको विश्लेषण गर्दै पाठ्यक्रम र पाठ्यपुस्तकबारे तुलनात्मक चर्चा गरिएको छ । प्रस्तुत अध्ययनमा पाठ्यक्रमले भाषाबोध तथा अभिव्यक्तिका अपेक्षाहरू समेटेको तर पाठ्यवस्तुको निर्धारण गर्दा भने अलगिगएको निष्कर्ष निकालिएको छ । त्यस्तै वाक्यसम्बन्धी र नमुना अभ्याससम्बन्धी त्रुटिहरू औंल्याइएको छ । त्यसैगरी कतिपय पाठहरूमा रहेको वैचारिक असङ्गगतिबारे औंल्याई पाठ्यपुस्तक तयार गर्न महत्त्वपूर्ण सुझावहरू दिइएको छ तर हेमाङ्गराज अधिकारीद्वारा गरिएको यो अध्ययन वर्तमान पाठ्यक्रम र पाठ्यपुस्तक तयार हुनुभन्दा अघिल्तिर नै भएको छ ।

जेन्स लिटनद्वारा (सन् १९८९) **प्राइमरी करीकुलम डेभलपमेन्ट एण्ड डिसिमिनेशन** शीर्षकमा गरिएको अध्ययनमा प्राथमिक तहका प्रचलित पाठ्यपुस्तकहरूका सम्बन्धमा अध्ययन एवम् विश्लेषण गर्दै नेपाली भाषा पाठ्यपुस्तकहरूको पनि चर्चा गरिएको छ । यी पाठ्यपुस्तकहरूमा छनोट र स्तरणको ख्याल नगरिएको भन्दै लिटनले प्रस्तुत अध्ययनमा

दैनिक व्यवहारमा प्रयोग नहुने विद्यार्थीहरूको बौद्धिक क्षमता अनुकूल पाठहरू नरहेको तथा शब्दहरूको प्रयोग नभएको भनी निष्कर्ष निकालेका छन् ।

मास्टर प्लान टिमद्वारा (सन् १९९१-२०००) **टेस्ट वुक एण्ड अदर मेटेरियल्स** पुस्तकको 'द बेसिक एण्ड प्राइमरी एजुकेशन मास्टर प्लान सन् १९९१-२०००' शीर्षकमा वर्तमान नेपाली भाषाका पाठ्यपुस्तकहरूको समेत समीक्षा गरिएको छ । समीक्षाका क्रममा नयाँ शब्दहरूको पाठगत वितरण एकैरूपमा नभएको अर्मूत, लामा र अप्रचलित शब्दहरू प्रयोग भएका र पाठहरू स्तरअनुसार नभएका जस्ता पक्षहरू औंल्याइएको छ ।

हेमाङ्गराज अधिकारी र केदारप्रसाद शर्माद्वारा (२०५२) 'कक्षा तीन पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' नामक प्रतिवेदनमा तीन कक्षा पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी क्षमतामा प्राथमिक तहको तीन कक्षाका विद्यार्थीहरूको शब्दभण्डारसम्बन्धी अध्ययन गरिएको भए पनि माथिल्ला कक्षामा विद्यार्थीहरूको शब्दभण्डार क्षमताबारे प्रस्तुत अध्ययनमा कहीँ कतै उल्लेख गरिएको पाइँदैन ।

तेजप्रसाद खनालद्वारा (२०५६) 'कक्षा पाँचको मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना' शीर्षकको शोधग्रन्थमा कक्षा पाँचको पाठ्यपुस्तकमा १६५६ वटा शब्दहरू प्रयोग गरिएको, शून्यदेखि चारसय चालीस पक्तिसम्म शब्द आवृत्ति भएको, शब्दको कठिनाई क्रम हेर्दा व्युत्पत्तिगत प्रक्रियाबाट निर्मित कतिपय शब्दहरू शिक्षणीय दृष्टिले ज्यादै कठिन भएको, संस्कृत तत्सम शब्दहरू पनि विद्यार्थीको स्तरभन्दा माथि रहेको चर्चा गर्दै पाठ्यपुस्तकको आन्तरिक पक्षमा प्रकाश पारिएको भए पनि पुस्तकको परिधीय विषयका बारे चर्चा गरिएको छैन ।

नेत्रप्रसाद पौडेलद्वारा (२०५५) मा 'कक्षा छ को हाम्रो नेपाली किताब र सरल नेपाली शृङ्खलाको तुलनात्मक अध्ययन' नामक शोधपत्रमा पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा ६ को अनिवार्य नेपाली पाठ्यपुस्तक र एकता प्रकाशनद्वारा प्रकाशित सन्दर्भ सामग्रीका बीच तुलनात्मक अध्ययन गरिएको छ । यस अध्ययनबाट पाठ्यक्रम अनुसार निजी प्रयासमा निर्मित पाठ्यसामग्रीहरूका शब्दभण्डार, भाषाशैली, अभ्यास आदि विविध पक्षमा कमी कमजोरी रहेको तर पाठ्यक्रम विकासकेन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तक केही उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

अतः पूर्व अध्ययनमा विभिन्न कक्षाका पाठ्यपुस्तकहरूका शब्दभण्डार, विधागत प्रस्तुति नमुना अभ्यासहरू जस्ता पक्षका अतिरिक्त विविध सामग्रीहरूको तुलनात्मक

अध्ययन भएको देखिए पनि सरकारी र निजी क्षेत्रबाट प्रकाशित कक्षा छ को पाठ्यपुस्तकका सम्बन्धमा अध्ययन गरिएको पाइँदैन । त्यसैले प्रस्तुत अध्ययनमा दुबै पाठ्यपुस्तकको तुलनात्मक अध्ययन गरी यी दुई पाठ्यपुस्तकमध्ये पनि पाठ्यक्रम अनुरूपता तथा विद्यार्थीको कक्षागत स्तर अनुसार कुन चाहि बढी उपयुक्त छ भनेर यहाँ निष्कर्ष निकालिएको छ । अतः प्रस्तुत तुलनात्मक निर्माण र परिमार्जनका क्षेत्रमा उपयोगी हुन सक्ने तथा यस अध्ययन कार्यको छुट्टै स्थान रहन सक्ने विश्वास लिइएको छ ।

## १.६ शोधकार्यको औचित्य

शिक्षा नीति तथा शैक्षिक उद्देश्य राष्ट्रिय आवश्यकता तथा समयानुकूल तयार पारिएको हुन्छ । त्यस्तै तहगत उद्देश्य एवम् बालमनोविज्ञान अनुरूप पाठ्यक्रम निर्माण भएको हुन्छ । पाठ्यपुस्तक र सन्दर्भ सामग्रीहरू पनि पाठ्यक्रमको भावना एवम् विषयको प्रकृति अनुरूप तयार भएका हुन्छन् । नेपालको सन्दर्भमा कक्षा ६ निम्न माध्यमिक विद्यालय तहको आधार हो । अत यस कक्षाले निम्न माध्यमिक तहको उद्देश्यलाई सङ्केत गर्नुपर्दछ । नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित र गोविन्द प्रसाद भट्टराई र द्रोण दाहालद्वारा लिखित कक्षा छ को पाठ्यपुस्तक 'हाम्रो नेपाली किताब' र निर्धारित पाठ्यक्रम अनुसार नै तयार गरिएको युनाइटेड नेपाल पब्लिकेशन प्रा.लि. द्वारा प्रकाशित भोला ओझा र लावण्य ढुङ्गानाद्वारा लिखित तथा सम्पादित कक्षा छ को पाठ्यपुस्तक 'मेरो नेपाली किताब माला छ' का पाठ्य विषयहरू र यसका सबल एवम् दुर्बल पक्षहरू केलाई अध्ययन गरिएको छ । यस कार्यले विद्यार्थीहरूको शैक्षिक स्तर सबल बनाउन र आगामी दिनहरूमा यसमा के कति कमजोरी र सबल पक्ष रहे त्यसको अध्ययन गर्दै विषय विज्ञहरूलाई उपयुक्त पाठ्यपुस्तकको निमार्ण गर्न मद्दत मिल्नेछ । यसरी गरिएको अध्ययनले पाठ्यक्रम पाठ्यपुस्तक निर्माता, प्रकाशन तथा प्रयोग गर्ने व्यक्ति संस्था तथा सम्बद्ध सबैका लागि ठोस सहयोग गर्नेछ । मुख्यतः यस अध्ययनबाट अपेक्षा गरिएका कार्यहरू निम्न रहेका छन् ।

(क) कक्षा ६ का लागि तोकिएको नेपाली भाषा पाठ्यक्रमको आधारमा यी दुई पाठ्यपुस्तक निर्माण भए नभएको विश्लेषण ।

(ख) भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारमा दुई पाठ्यपुस्तकहरूको तुलना र विश्लेषण ।

(ग) दुई पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरूलाई केलाई सुझाव प्रदान ।

## १.७ अध्ययनको सीमा

कुनै पनि विषयवस्तुको अध्ययन गर्ने शिलशिला र सीमा निर्धारण गर्नु आवश्यक देखिन्छ । सीमा नतोकी अगाडि बढाइएको अध्ययन अपूर्ण हुन सक्छ । प्रस्तुत अध्ययन कक्षा ६ को 'हाम्रो नेपाली किताब' र 'मेरो नेपाली माला' -६ पाठ्यपुस्तकहरूको अध्ययन, विश्लेषण र तुलनामा सीमित छ । प्रस्तुत अध्ययन भाषा पाठ्यपुस्तक अध्ययन तथा विश्लेषणका आधारमा मात्र सीमित छ । मुख्यत : यी दुई सामग्रीका सबल तथा दुर्बल पक्षहरू केलाई सुझाव मात्र प्रस्तुत गरिएको छ ।

## १.८ सामग्री सङ्कलन विधि

सामग्री सङ्कलनका क्रममा पुस्तकालयीय पद्धति अर्थात् विद्वान् तथा विषय विशेषज्ञहरूद्वारा निर्मित भाषा पाठ्यक्रम, भाषा पाठ्यपुस्तक एवम् शिक्षक निर्देशिकामा आधारित हुँदै सामग्रीहरूको सङ्कलन गरिएको छ र मूलतः द्वितीय स्रोतका रूपमा अध्ययनका सामग्रीहरूलाई सङ्कलन गरिएको छ । यसक्रममा :-

(क) पाठ्यपुस्तक र पाठ्यसामग्रीहरूको सकेसम्म संक्षिप्त र वस्तुगत अध्ययन विश्लेषण एवम् तुलना गरिएको छ ।

(ख) अध्ययन विश्लेषणका क्रममा पाठ्यक्रम र पाठ्यसामग्रीको अनुरूपताप्रति पनि ध्यान दिइएको छ ।

(ग) दुई सामग्रीहरूका सबल र दुर्बल पक्षहरू केलाई सुझाव तयार पारिएको छ ।

## १.९ सैद्धान्तिक ढाँचा र शोधविधि

प्रस्तुत अध्ययनलाई विशेषतः तुलनात्मक विधिलाई अँगाली विश्लेषण गरिएको छ । त्यसक्रममा पुस्तकालय विधिबाट सामग्री सङ्कलन गर्दै सङ्कलित सामग्रीको विश्लेषण गर्दै ऐतिहासिक उपचारात्मक आदि जस्ता विधिहरू प्रयोग गरिएको छ । विभिन्न शिक्षक, विद्वान्हरूसँग छलफल गरी यसलाई सुसंस्कृत पारिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्न परिच्छेदमा विभाजन गरिएको छ :-

परिच्छेद एक : शोध परिचय

परिच्छेद दुई : पाठ्यक्रम र पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा र पाठ्यपुस्तक विश्लेषणका आधारहरू

परिच्छेद तीन : 'हाम्रो नेपाली किताब' कक्षा - छ र 'मेरो नेपाली माला' -छ को विश्लेषण

परिच्छेद चार : 'हाम्रो नेपाली किताब' कक्षा - छ र 'मेरो नेपाली माला' -छ को तुलनात्मक अध्ययन

परिच्छेद पाँच : निष्कर्ष र सुझावहरू

सन्दर्भसामग्री-सूची

परिशिष्ट

व्यक्तिवृत्त

# परिच्छेद : दुई

# पाठ्यक्रम र पाठ्यपुस्तकको सैद्धान्तिक अवधारणा र पाठ्यपुस्तक विश्लेषणका आधारहरू

## २.१ भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तकको परिचय

पाठ्यक्रम भनेको शिक्षाको लक्ष्य हासिल गर्नका लागि बनाइएको शैक्षिक कार्यक्रम हो (रा.शि.प.यो., २०२८) । पाठ्यक्रमले निर्दिष्ट गरेको उद्देश्य र विषयवस्तु अनुसार पाठ्यपुस्तक तयार पारिन्छ । यसमा विषयगत सिद्धान्त एवम् पाठ्यसामग्रीको समुचित प्रस्तुतीकरण गरिएको हुन्छ । सामान्यतः पाठ्यपुस्तक सिकाइ, शिक्षण र प्रशासन तिनै पक्षलाई काम लाग्ने वस्तु हो (अधिकारी, २०५७ : ३) । पुस्तक र पाठ्यपुस्तकमा भिन्नता पाइन्छ । सम्बन्धित विषयको शैक्षिक उद्देश्य पूरा गराउन खास विषयको पाठ्यक्रम अनुसार तयार पारिएको प्रमाणिक पुस्तक हो  पाठ्यपुस्तक । कुनै विषयमा अध्ययन अनुसन्धान गरी लेखिएको हुन्छ । यसको मूल उद्देश्य शैक्षिक प्रयोजन नहुन पनि सक्छ । नेपाली बृहत शब्दकोशले अध्ययनका खास शाखासँग सम्बन्धित पुस्तकलाई मात्र पाठ्यपुस्तक मानेको छ (पोखरेल, २०४०  ८११) ।

भाषा पाठ्यपुस्तकभित्र दुई आधार उपस्थित हुन्छन् । बाह्य आधार र आन्तरिक आधार (शर्मा, २०५५ : १०) । बाह्य आधारअन्तर्गत पाठ्यपुस्तकको भौतिक पक्ष जस्तै आवरण पृष्ठ, आकार, छपाइ, कागज, बधाइ मूल्य आदि पर्छन् । त्यस्तै आन्तरिक आधारभित्र विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना र शैली, नमुना अभ्यास, चित्र, भूमिका आदि र अन्तिम पृष्ठहरू पर्दछन् । असल पाठ्यपुस्तकमा यी दुइ आधारहरूको समुचित तालमेल हुनुपर्छ । स्तरीय पठन पाठनका लागि पाठ्यक्रम उपयुक्त हुनुपर्छ । पाठ्यपुस्तकले नै कक्षा क्रियाकलापलाई उद्देश्योन्मुख बनाउँछ । हाम्रो जस्तो पर्याप्त सन्दर्भ र सहायक सामग्रीको विकास भइ नसकेको मुलुकका लागि पाठ्यपुस्तक नै भाषा शिक्षणको आधार प्रतीत हुन्छ ।

## २.२ पाठ्यपुस्तकको परिभाषा

भाषा पाठ्यपुस्तक र अन्य विषयको पाठ्यपुस्तकमा पनि भिन्नता पाउन सकिन्छ । भाषा पाठ्यपुस्तकमा भाषिक सीप पक्षलाई सर्वोपरि मानिएको हुन्छ  भने अन्य विषयको

सिकाइमा विषयवस्तुलाई मुख्य मानिएको हुन्छ । अझ महत्त्वपूर्ण कुरा भाषा पाठ्यपुस्तकमा विधा र विषयवस्तु क्रमशः प्रस्तुति र पाठ्यपुस्तकका आधार मात्र हुन्छन्  भने अन्य पाठ्यपुस्तकमा विषयवस्तु नै साधन र साध्य दुबै हुन्छ । जस्तै भाषा पाठ्यपुस्तकमा प्रयोग भएको एउटा विधा वा विषयवस्तु (प्रबन्ध) ले पठन बोधको अभ्यास, सस्वर वाचन, उच्चारण, शब्दार्थ, शब्द प्रयोग अर्थ विस्तार मौखिक वर्णन, निबन्ध रचना, व्याकरणका विभिन्न नियम तथा प्रयोगको अभ्यास जस्ता पाठ्यवस्तु शिक्षण गराउन सकिन्छ ।

कक्षाकोठामा पाठ्यपुस्तक शिक्षक र विद्यार्थीबीचको अर्न्तक्रियाको मूल साधन हो । पाठ्यपुस्तक एउटा साधन हो । जसका आधारमा शिक्षक र विद्यार्थी बीच सक्रिय अन्तर्क्रिया हुन्छ । शिक्षणका क्रममा शिक्षकले के -के पढाउने, कति पढाउने, कसरी पढाउने, कुन अनुक्रममा शिक्षणलाई प्रस्तुत गर्ने, कक्षा क्रियाकलापलाई कसरी रुचिपूर्ण र प्रभावकारी तुल्याउने भन्ने कुराको निर्क्यौल गर्दछ । यस यस आधारमा पाठ्यपुस्तक सम्बन्धी केही परिभाषालाई हेरौं :-

नेपाली शब्दकोशका अनुसार विद्यालय एवम् विद्यापीठहरूमा विद्यार्थीहरूले औपचारिक तवरले पढनुपर्ने  सामग्री  पाठ्यपुस्तक हो । गुडका अनुसार पाठ्यपुस्तक कुनै निश्चित तहमा खास विषयकोपाठ्यांशका लागि व्यवस्थित रूपमा तयार पारिएको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न प्रयोग गरिने प्रमुख अध्ययन स्रोत सामग्री हो । ह्यालिडेका अनुसार भाषा पाठ्यपुस्तक शिक्षकका लागि शिक्षण सामग्रीको निर्माण, भाषिक विषयवस्त पढाउन योजना बनाउने साधन, आफ्ना विद्यार्थीको प्राप्ति वा मूल्याङ्कनको आधार र उपलब्धिको निर्धारण गर्ने, पृष्ठभूमिमा भाषिक कार्यलाई सुबोध तुल्याउने साधन हो । क्रोनव्याकका अनुसार कुनै पाठ्यांशका विभिन्न एकाइहरूको शिक्षण सिकाइ क्रमबद्ध रूपमा हुन सकोस् भन्ने ध्येयले पाठ्यपुस्तक रचना गरिन्छ ।

यसरी यी सबै परिभाषालाई हेर्दा पाठ्यपुस्तक भनेको कुनै पनि विषयमा शिक्षकलाई निर्देशन तथा नियन्त्रण गर्ने र विद्यार्थीलाई पुनरावृत्ति र अभ्यासका सन्दर्भमा उपयोग गर्ने एक सामग्री हो भन्ने बुझिन्छ ।

## २.३ पाठ्यक्रमको परिभाषा

पाठ्यक्रमलाई विद्यालयमा पढाइ हुने विषयवस्तु वा विषयसूचीका रूपमा परिभाषित गर्न सकिन्छ । पाठ्यक्रमलाई पाठ्याशं वा पाठ्यपुस्तकको सूचीका रूपमा लिनु नै यसको सङ्कुचित अर्थ हो भने सिकाइको व्यापक परिस्थिति र बालबालिकाको सर्वाङ्गीण विकासका लागि आवश्यक अनुभव, व्यवहारिक ज्ञानको उपयुक्त सङ्गठन, प्रभावकारी शिक्षण तथा

सिकाइ उपलब्धिको मूल्याङ्कन समेतलाई समेटनु नै व्यापक अर्थ हो । शिक्षाको लक्ष्य हासिल गर्नको लागि बनाइएको शैक्षिक कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ । पाठ्यक्रम एउटा वृक्ष हो । यस आधारमा पाठ्यक्रमका केही परिभाषाहरूलाई हेरौं :-

रा.शि.प.यो. (२०२८) अनुसार शिक्षाको लक्ष्य हासिल गर्नको लागि बनाइएको कार्यक्रमलाई पाठ्यक्रम भनिन्छ । अरविन्दचन्दका अनुसार पाठ्यक्रम भन्नाले पाठ्यसूचीहरूको एउटा र खास उद्देश्य प्राप्तिका लागि आवश्यक क्रियाकलापहरू सिकाइ अनुभवहरू हुन् । हिल्डा टावाका अनुसार पाठ्यक्रम सिकाइको योजना हो । जे.एफ.केरका अनुसार पाठ्यक्रमअर्न्तगत विद्यालयद्वारा योजनाबद्ध र निर्देशित सबै सिकाइहरू पर्दछन् जुन विद्यालयभित्र वा बाहिर व्यक्तिगत एवम् सामूहिक रूपमा सञ्चालन गरिएका हुन्छन् । युनेस्कोका अनुसार शिक्षाका उद्देश्यहरू प्राप्तिका लागि विद्यालय तथा शिक्षकद्वारा विद्यार्थीका लागि तयार गरेको योजना र निर्देशन अनुसारको सम्पूर्ण समस्याको समाधान गर्न सहयोग पुर्‍याउने भएकाले शिक्षण प्रक्रियामा यसको विशिष्ट स्थान रहेको कुरालाई नकार्न सकिँदैन ।

यसरी पाठ्यक्रम सम्बन्धी सम्पूर्ण परिभाषालाई हेर्दा उद्देश्य, विषयवस्तु, सामग्री, सिकाइ प्रक्रिया र मूल्याङ्कन पाठ्यक्रममा अङ्गहरू हुन र भाषिक व्यवहारको सारभूत योजना नै पाठ्यक्रम हो ।

पाठ्यपुस्तक भनेको शिक्षण सिकाइ प्रक्रियालाई उपलब्धिमूलक बनाउन सहयोग गर्ने आधिकारिक सामग्री पाठ्यपुस्तक हो ।

## २.४ पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध

निर्धारित सिकाइ उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीहरूलाई विभिन्न अनुभवहरू हासिल गराउन निश्चित दिशा दिने कार्यक्रम नै पाठ्यक्रम हो (प्रा.पा.दि., २०५७ : १६) भने सोही पाठ्यक्रमलाई कार्यान्वयन गर्न विस्तृत विषयवस्तु एवम् पाठ्यसामग्री समावेश गरेर निर्माण गरिएको पुस्तक पाठ्यपुस्तक हो । पाठ्यक्रम विना पाठ्यपुस्तक पुस्तक मात्र बन्न सक्छ भने पाठ्यपुस्तक बिना पाठ्यक्रम केवल सिद्धान्त मात्र रहन्छ । पाठ्यक्रमको निर्देशन बिना पाठ्यपुस्तकले कुनै पनि कार्य गर्न सक्दैन (लामिछाने, २०५७ : ६३) । अत: पाठ्यक्रमको विस्तृतीकरण पाठ्यपुस्तक हो भने पाठ्यपुस्तकको मार्गदर्शक पाठ्यक्रम हो । पाठ्यपुस्तक पाठ्यक्रमको फरक सामग्री हो । बोधगम्यता पाठ्यपुस्तकको सर्वोपरी गुण हो

भने उद्देश्य स्तर तथा विषय क्षेत्र र क्रमको सन्तुलित संयोजन पाठ्यक्रमको सर्वोपरी गुण हो ।

## २.५ भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषणका आधारहरू

शिक्षण सिकाइको स्तरयुक्तताको लागि पाठ्यक्रम स्तरयुक्त हुनुपर्छ । पाठ्यक्रम सोही अनुरूपको हुनुपर्छ । शिक्षक प्रशिक्षित र दक्ष हुनुपर्छ भने शैक्षिक व्यवस्थापन पनि चुस्त र उपयुक्त हुनु आवश्यक छ । यीमध्ये पनि हाम्रो जस्तो तेस्रो विश्वका मुलुकमा पाठ्यपुस्तकमा नै कक्षा कोठाको सम्पूर्ण कार्यकलापहरू केन्द्रित गर्ने गरिन्छ । त्यसैले पाठ्यपुस्तक नै शिक्षकका लागि पत्यारिलो कक्षा सामग्री हो र विद्यार्थीका लागि एक मात्र कक्षा सामग्री तथा गृहकार्य गर्ने आधार हो । अतः पाठ्यपुस्तकको उपयुक्तता के कस्तो छ भनेर खोजी गर्नु आवश्यक छ । यसरी खोजी गर्ने निश्चित र व्यापक आधारहरू हुन्छन् । अर्थात् व्याख्या विश्लेषण एवम् मापनका आधारलाई प्रयोग गरेर अध्ययन गर्नु बढी उद्देश्यमूलक हुन्छ । अतः यहाँ प्रा. डा केदारप्रसाद शर्माद्वारा सार सङग्रहीत आधारहरूलाई उल्लेख गरी यिनै आधारबाट उल्लेखित भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषण गरिन्छ ।

भाषा पाठ्यपुस्तक अध्ययन विल्लेषण गर्दा सामान्यतः आन्तरिक वा शैक्षिक पक्ष एवम् बाह्य वा भौतिक पक्षलाई आधार मान्न सकिन्छ । आन्तरिक वा शैक्षिक पक्ष भित्र विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना र शैली, स्तर र क्षमता अनुरूप शुद्ध सन्दर्भमूलक र रोचक शैलीमा हुनुपर्छ । निम्न माध्यमिक तहका कक्षामा शब्दभण्डार र संरचना नियन्त्रित रूपमा प्रस्तुत हुन्छ । विधा र विषयवस्तुलाई बोधगम्य बनाउन भाषिक संरचना र शैलीको मुख्य हात हुन्छ । वाह्य वा भौतिक पक्ष अर्न्तगत आवरण पृष्ठ, आकार छपाइ, कागज, बँधाइ, मूल्य पर्दछन् । यी दुबै पक्षहरूको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

### २.५.१ आन्तरिक वा शैक्षिक पक्ष

भाषा पाठ्यपुस्तकको अध्ययन विश्लेषणको लागि आन्तरिक वा शैक्षिक पक्षको महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । जसअन्तर्गत विषयवस्तु विधा भाषिक संरचना, शैली, अभ्यास, पृष्ठका बारेमा उल्लेख गरिएको हुन्छ । यिनीहरूको विवरण तल प्रस्तुत गरिएको छ :-

### २.५.१.१ विषयवस्तु

पाठ्यक्रमले निर्देशन गरेका विषय वा क्षेत्रका विषयवस्तुहरू छनोट गरी पाठ्यपुस्तकमा समावेश गरिनु पर्छ । ती विषयवस्तुहरूमा विविधता, विद्यार्थीको बौद्धिक क्षमता, वैचारिक सङगती, सूचनामूलकता, नैतिक मूल्य र मान्यता, देशभक्ति श्रमप्रति आस्था आदि विशेषता रहनु पर्दछ । त्यस्तै ती विषयवस्तुहरू सांस्कृतिक, भौगोलिक, सामाजिक र लैङ्गिक समानताका दृष्टिले सन्तुलित संयोजन हुनुपर्दछ ।

### २.५.१.२ विधा तथा प्रस्तुति

भाषिक सीपहरूको अभ्यासका दृष्टिले भाषा पाठ्यपुस्तकमा विधागत विविधता र तिनको उचित संयोजन आवश्यक हुन्छ । विभिन्न भाषिक सीपहरू विभिन्न विधाको अलग-अलग प्रस्तुतिबाट अभ्यास गराउन सजिलो हुन सक्छ । कुनै खास विषयवस्तु कुनै खास विधामा आकर्षक र अनाकर्षक हुन सक्छन् । त्यस्तै हरेक विधाका आ-आफ्नो भाषिक संरचनागत एवम् शब्दभण्डारगत तथा शैलीगत प्रस्तुतिका विशेषताहरू हुन्छन् । यसकारण सिकाइ प्रति उत्सुकता तथा नवीनता थप्न पनि विधागत विविधताको संयोजन हुन राम्रो हुन्छ । विधाका पाठहरू शिक्षकको अनुभव र बौद्धिक क्षमताले भ्याउने पनि हुनुपर्दछ ।

### २.५.१.३ भाषिक संरचना र शैली

भाषा पाठ्यपुस्तकका साध्य नै भाषा सिकाइ भएकाले संरचना र शैली पक्षले विशेष महत्त्व राख्दछ । भाषा पाठ्यपुस्तकका पाठमा प्रयोग हुने भाषा विद्यार्थीको स्तर र क्षमता अनुरूप शुद्ध सन्दर्भमूलक र रोचक शैलीमा हुनुपर्छ । विधा र विषयवस्तुलाई बनाउने भाषिक संरचना कै कुरा गर्दा प्राथमिक देखि माध्यमिक तहसम्म नै व्याकरण शिक्षण छुट्टै नगरी विधाका पाठ कै आधारमा र भाषा प्रयोगको सन्दर्भबाटै गराउनु उपयुक्त हुन्छ । अतः पाठ्यपुस्तक विश्लेषण गर्दा यस पक्षलाई पनि ख्याल गरिन्छ ।

### २.५.१.४ नमुना अभ्यास

भाषा पाठ्यपुस्तकका हरेक पाठका अन्यमा नमुना अभ्यास राखिएको हुन्छ । नमुना अभ्यासहरू पाठ्यवस्तु तथा विधाको प्रयोजन अनुरूप संयोजन भएको हुन्छ । शब्दभण्डार,

भाषातत्त्व र स्वरवाचन जस्ता अभ्यास सबै विधासँग रहन सक्छन् । अभ्यासहरू बनाइन्छ । अभ्यासहरू रुचि परक सीपपरक तथा सिर्जनात्मक खालका हुन्छन् ।

### २.५.१.५ चित्र

पाठ्यवस्तुलाइ अझ स्पष्ट, नयाँ, आकर्षक र रुचि पूर्ण बनाउन चित्रको उपयोग गरिन्छ । चित्र विषयवस्तुको प्रकृति र सान्दर्भिकता अनुरूप हुनुपर्दछ । यसको रखाइ स्पष्टता, आकार संख्या, भाव र मूर्तता उपयुक्त हुनुपर्छ । चित्रहरू पाठ एवम् पाठ्यपुस्तक सजाउन मात्र प्रयोग गर्नु औचित्यपूर्ण हुँदैन । अध्ययन विश्लेषण गर्दा यस पक्षमा पनि सतर्कता अपनाउनु पर्छ ।

### २.५.१.६ भूमिका, निर्देशन आदि

यसअन्तर्गत पाठ प्रारम्भ हुनुभन्दा अगाडिको खण्ड पर्दछ । यसले पाठ्यपुस्तक, सम्पादक, लेखकको नामावली भूमिका, कृतज्ञता लेखकको भनाइ, सम्पादकको भनाइ प्रकाशकीय, शिक्षकलाई निर्देशन, अन्य जानकारी तथा विषयसूची जस्ता कुराहरू पर्छन । भूमिका पाठ्यसामग्रीको परिचय खण्ड हो । परिचय खण्डले पाठ्यपुस्तकबारे आवश्यक जानकारी तथा शिक्षण प्रयोजनका लागि सहयोग पुऱ्याउने काम गरेको हुन्छ । अध्ययन विश्लेषण गर्दा यस पक्षलाई पनि ध्यान दिइन्छ ।

### २.५.१.७ अन्तिम पृष्ठहरू

पाठ्यपुस्तकका पाठ्यसामग्रीहरू सकिएपछि अन्तिममा अतिरिक्त तर आवश्यक सामग्रीका रूपमा शब्दसूची, शब्दकोश, व्याख्या, अन्य अनुक्रमाणिका तथा कहिले काही थप भाषिक अभ्यासहरू समेत राखिन सक्छन् । पाठ्यपुस्तकको अध्ययन विश्लेषण गर्दा यस्ता परिशिष्टहरूको पनि विवरण दिइन्छ ।

### २.५.२ बाह्य तथा भौतिक पक्ष

भाषा पाठ्यपुस्तकको अध्ययनका आधारमाहरू मध्ये बाह्य तथा भौतिक पक्ष पनि एक हो । यसभित्र आवरण पृष्ठ, आकार, छपाइ, बधाइ, मूल्य आदिका बारेमा उल्लेख गरिएको छ । यिनीहरूको संक्षिप्त विवरण तल दिइएको छ :-

### २.५.२.१ आवरण पृष्ठ

आवरण पृष्ठ पाठ्यपुस्तकको सुरक्षा कवज मात्र नभएर आकर्षक पनि हो । यसमा पाठ्यपुस्तकको उद्देश्य र विषयगत सान्दर्भिकता समेटिनु पर्छ । अझ साना कक्षाका पाठ्यपुस्तकहरूको आवरण पृष्ठ आर्कषक, मनमोहक, कलात्मक र बलियो बनाइन्छ ।

### २.५.२.२ आकार

आकारका दृष्टिले पाठ्यपुस्तक छरितो, आकर्षक, सुविधाजनक र बोक्न सजिलो हुनुपर्छ । पाठ्यपुस्तकको आकार र बालबालिकाको उमेर समूहका बीच सम्बन्ध हुन्छ । त्यसैले अध्ययन गर्दा यसपक्षलाई पनि ख्याल गर्नुपर्छ ।

### २.५.२.३ छपाइ

छपाइअर्न्तगत किनारा छोडाइ, पाठका शीर्षक, उपशीर्षक, अभ्यास आदिमा उपयुक्त अक्षरहरूको आकार प्रकार पक्तिको लम्बाई, पङ्क्ति-पङ्क्ति, अनुच्छेद-अनुच्छेद, शब्द-शब्दका बीचको दुरी, शब्द र पङ्क्तिको रखाइ, एकरूपता, स्पष्टता, चहकपना जस्ता कुराहरू पर्दछन् । भाषा पाठ्यपुस्तक साना कक्षाहरूको सन्दर्भमा त अझ चित्ताकर्षक हुनु आवश्यक पर्छ । ब्लक, छपाइ आदि पक्षको उपयुक्तता समेत अध्ययन हुनु राम्रो मानिन्छ ।

### २.५.२.४ कागज

निम्न माध्यमिक तहका पाठ्यपुस्तक छापिएको कागज चिल्लो, चम्किलो उचित मोटो हुन्छ । पाठ्यपुस्तक बलियो (टिकाउ) हुन उचित कागजको प्रयोग भएको हुन्छ । अध्ययन विश्लेषण गर्दा यस पक्षमा पनि ध्यान दिइन्छ ।

### २.५.२.५ बँधाइ

साना बालबालिकाका लागि तयार भएको पाठ्यपुस्तकको बँधाई बलियो हुनुपर्छ । उनीहरू जतन गर्न सचेत भैसकेका नहुने तथा पुस्तकलाई खेल्नमा समेत उपयोग गर्न सक्ने हुनाले बलियो बधाइ अपरिहार्य हुन्छ ।

### २.५.२.६ मूल्य

पाठ्यपुस्तक, मूल्यका दृष्टिले सुगम चाहिन्छ । निम्न र निम्नमध्यम वर्गीय अभिभावकको क्रयशक्तिले समेत धान्ने तथा उपयोगिताका दृष्टिले कम खर्चिलो पाठ्यपुस्तक हुनुपर्छ ।

## २.६ निष्कर्ष

यस परिच्छेद दुईको भाषा पाठ्यपुस्तकको सैद्धान्तिक पक्ष र अध्ययन विश्लेषणका आधारहरूलाई निष्कर्षमा भन्नुपर्दा पाठ्यक्रम भनेको सिकाइको व्यापक परिस्थितिलाई समेटि शिक्षण सिकाइ प्रक्रियालाई व्यवहारिक तथा उपयोगी बनाउनु हो भने पाठ्यपुस्तक भनेको शिक्षक र विद्यार्थीको अन्तर्क्रियाको मूल साधन हो । यसले शिक्षकलाई कसरी, के, कति, पढाउने भन्ने विषयवस्तुको प्रभावकारी भूमिका निर्वाह गर्दछ ।

यस परिच्छेदमा भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषणका आधारहरूमा आन्तरिक र बाह्य पक्षको चर्चा गरिएको छ । आन्तरिक आधारमा शैक्षिक पक्षहरूलाई समेटिएको छ । जस्तै विषयवस्तु, विधा तथा प्रस्तुति, भाषिक संरचना र शैली, नमूना अभ्यास, चित्र, भूमिका, निर्देशन र अन्तिम पृष्ठहरू रहेका छन् भने बाह्य तथा भौतिक पक्षमा आवरण पृष्ठ, आकार, छपाइ, कागज, बधाइ र मूल्य रहेका छन् । यसरी भाषा पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषण गरिएको छ ।

# परिच्छेद : तीन

# 'हाम्रो नेपाली किताब' कक्षा - छ र 'मेरो नेपाली माला' - छ को विश्लेषण

## ३.१ विषय प्रवेश

कक्षा छ निम्न माध्यमिक तहको पहिलो खम्बा हो । यस तहको पाठ्यक्रम, माध्यमिक तहको शिक्षालाई बढी उद्देश्यमूलक, व्यवहारिक एवम् समसामयिक बनाउने क्रममा राष्ट्रिय उद्देश्यलाई मूल आधार बनाई तयार गरिएको छ (नि.मा.शि.प.२०४९) । अनि मात्र नेपाली भाषा विषयमा कक्षा ६ को शुरुमा हासिल गर्ने सिकाइ उपलब्धिहरू पाठ्यक्षेत्र अन्तर्गत रहेका छन् । भाषिक सीप विकासका क्षेत्रहरू, शब्दभण्डार, वाक्य र शब्दसंख्या गरी ४ क्षेत्र अर्न्तगत राखेर सिकाइ उपलब्धिहरू हासिल गराइएको छ ।

नेपाली भाषाका ४ पाठ्यक्षेत्रअर्न्तगतका तोकिएका सिकाइ उपलब्धिहरू हासिल गराउनका लागि ६ वटा विधाका विभिन्न २२ वटा पाठहरू पाठ्यक्रमले निर्दिष्ट गरेको छ । निर्दिष्ट गरिएका ५ वटा विधा अन्तर्गत कथा, कविता, प्रबन्ध, संवाद, वादविवाद, चिठी र जीवनी विधाहरू रहेका छन् । यसरी निम्न माध्यमिक तहको शुरुमा नेपाली भाषा विषयका कक्षा ६ को उद्देश्य निर्दिष्ट गरिएको छ । ती सीप पक्षलाई छुटाएर उद्देश्य तोकिएको यी उद्देश्य हासिल गराउन ६ विधाअर्न्तगत ८ वटा पाठ्यक्षेत्रहरू तोकिएको छ । यी पाठ्यक्षेत्रको आधारमा २२ वटा पाठहरू राखिने गरी निर्देश गरिएको छ ।

## ३.२ नेपाली भाषा पाठ्यपुस्तकको अध्ययन

नेपाली भाषा पाठ्यपुस्तकको अध्ययनका क्रममा यहाँ पाठ्यपुस्तकको विभिन्न पक्षको चर्चा गरिएको छ । पाठ्यपुस्तकको विश्लेषणका क्रममा विभिन्न पक्षका बुदाँहरूको आन्तरिक तथा बाह्य पक्षको विश्लेषण गरिएको छ । आन्तरिक पक्षमा विधा भाषिक संरचना, अभ्यास आदि रहेका छन् भने बाह्य पक्षमा आकार, कागज, बधाइ आदिको उल्लेख गरिएको छ । यिनीहरूको संक्षिप्त विश्लेषण यहाँ गरिएको छ ।

### ३.२.१ हाम्रो नेपाली किताब, कक्षा ६

भाषा पाठ्यपुस्तक अध्ययन तथा विश्लेषणका लागि तयार पारिएका अध्ययन बुदाँहरूका आधारमा बुदाँगत रूपमा संक्षिप्त रूपमा यहाँ अध्ययन गरिएको छ :-

### ३.२.१.१ आन्तरिक वा शैक्षिक पक्ष

कक्षा ६ को 'हाम्रो नेपाली किताब' मा सम्पादन गरिएका पाठहरूमा शिक्षाप्रद, ईश्वरभक्ति, नैतिक र धार्मिक मूल्य दर्शाउने उपदेशात्मक, वस्तु र स्थान परिचय, देशप्रेम, व्यवसायिक कार्यको चिनारी, व्यवसायिक कल्पना र भावना, आत्मबल, प्राकृतिक वर्णन, स्वचिन्तन जस्ता विषयवस्तुहरू रहेका छन् । कविताहरू उपदेश, प्राकृतिक वर्णन, स्वकर्तव्य, देश भक्तिको भावना स्वचिन्तन (स्वाभिमान) व्यवसायिक कल्पना र देशप्रेमका पक्षमा कलात्मक प्रस्तुतिका रूपमा रहेका छन् । स्थान परिचय तथा प्रकृतिलाई जोड दिदै वातावरणमा रहेका विभिन्न पदार्थहरूको सङकेत दिएको छ । लैङ्गिक दृष्टिबाट दुबै लिङ्गको सन्तुलित प्रयोग यस पाठ्यपुस्तकमा गरिएको छ ।

### (क) विधा तथा प्रस्तुति

विधागत प्रयोगका दृष्टिबाट हेर्दा पाठ्यपुस्तकमा ६ किसिमका विधाहरूसँग सम्बन्धी पाठहरू तलको तालिकामा देखाईएको छ ।

**तालिका १ : विधा र विधागत पाठहरू**

| क.सं. | विधा | सि.नं. | विधागत पाठहरू | क्षेत्र सामान्यतः |
|---|---|---|---|---|
| १. | कविता | १ | ईश्वर स्तुति | लोकलय |
| | | २ | भानुभक्त श्रद्धाञ्जली | लोकलय |
| | | ३ | राष्ट्रको अखण्डता | छन्दलय |
| | | ४ | नेपाल आमाप्रति | छन्दलय |
| २. | कथा | १ | युक्तिसामु शक्ति टिक्दैन | नैतिक |
| | | २ | ठुले र साने | लोक |
| | | ३ | डुहुरे मुसा र सेतो बिरालो | ऐतिहासिक/सामाजिक |
| | | ४ | युधिष्ठिरको परिक्षा | पौराणिक |
| | | ५ | सारौ र कमिलो | लोक |
| ३ | प्रबन्ध, लेख | १ | सामाजिक मेलमिलाप | सामाजिक |
| | | २ | कृषि मल | व्यवसायिक |
| | | ३ | वातावरणको रक्षा | वातावरणीय |
| | | ४ | हिमाल | प्राकृतिक |
| | | ५ | गुरु शिष्यको सम्बन्ध | सांस्कृतिक |
| ४ | जीवनी | १ | साहित्यकार भवानी भिक्षु | राष्ट्रिय |
| | | २ | लुई पाश्चर | अन्तराष्ट्रिय |
| | | ३ | महामानव गौतमबुद्ध | राष्ट्रिय |
| | | ४ | समाजसेवी तुलसीमेहर | राष्ट्रिय |
| ५ | चिठी | १ | पितासँग पुत्रको आग्रह | घरायसी |
| | | २ | प्रधानाध्यापकलाई निवेदन | विद्यालयीय |
| ६ | रूपक | १ | आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ । | सम्वाद |
| | | २ | शहरिया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ । | वादविवाद |

प्रस्तुत पाठ्यपुस्तकमा ६ वटा विधाहरू अन्तर्गत कविता ४ वटा, कथा ५ वटा, प्रबन्ध/लेख ५ वटा, जीवनी ४ वटा, चिठी २ र रूपक २ वटा गरी जम्मा २२ वटा

अध्ययनका पाठहरू रहेका छन् । गद्य र पद्य विधाका दृष्टिले भने पद्य विधा अन्तर्गत ४ वटा कविता र बाँकि सबै १८ वटा पाठहरू गद्यविधा अर्न्तगत रहेका छन् । भाषा तत्त्वलाई पाठका रूपमा प्रस्तुत नगरी अभ्यासको रूपमा प्रस्तुत गरिएको छ । पाठको लम्बाईको दुष्टिबाट हेर्दा १२ वाक्यमा संरचित, प्रधानाध्यापकलाई निवेदन देखि १०४ वाक्यमा संरचित “सारौँ र कमिलो” कथा सम्म रहेको छ । अर्थात् पाठहरूको लम्बाई ज्यादै छोटो देखि लामो सम्म रहेको छ । विधागत वाक्य तथा पङ्क्ति र सम्वादका दृष्टिले समग्रमा हेर्दा कविता विधामा ८० पङ्क्ति, कथा विधामा ४४० वटा वाक्य, प्रबन्ध विधामा २६२ वटा वाक्य, जीवनी विधामा २१९ वाक्य रूपक विधामा ७६ वाक्य र ४३ वटा संबाद, चिठि विधामा ३४ वाक्यहरू रहेका छन् । शीर्षकहरू १ शब्द देखि ६ शब्दसम्म केही लामा र केही छोटा रहेका छन् ।

### (ख) भाषिक संरचना र शैली

पाठ्यपुस्तकमा प्रत्येक विधागत पाठको प्रथम अभ्यासमा राखिएका शब्द र अर्थलाई नयाँ शब्दभण्डार मान्न सकिन्छ । यसरी राखिएका शब्द र अर्थका शब्दहरू जम्मा ३३८ वटा छन् । सबैभन्दा कम १८ पाठमा ६ वटा कठिन शब्दका अर्थ दिइएको छ भने सबैभन्दा बढी ६ पाठमा २३ वटा कठिन शब्दका अर्थहरू राखिएका छन् । पाठ्यपुस्तकमा तत्सम, तद्भव, आगन्तुक र अनुकरणात्मक शब्द श्रोतका शब्दहरू पनि प्रशस्त भेटिन्छन् । उपसर्ग लागेर, समास भएर, द्वित्व भएर र प्रत्यय लागेर बनेका प्रदूषण, चौगुना, अभिभक्त, मिलनसार, आश्रयस्थल, स्वावलम्बिपन, सामाजिक, वन्यजन्तु, नेपालकोकिल, कृतार्थचित, मातृभूमि, आवावृद्धवनिता, कवितानुरक्त जस्ता शिक्षणीय दृष्टिले निकै लामा र कठिन शब्दहरू पनि प्रयोग भएका छन् ।

लम्बाइका दृष्टिबाट विधागत पाठहरूको संरचना निम्न अनुसार देखिन्छ । कविताका पंक्तिहरू क्रमशः २०,२०,२४ र १६ वटा छन् । कविताहरू क्रमशः १०, १०, १२ र ८ हरफमा संरचित छन् । कथाहरू क्रमशः ८०,७९,७२ र ११४ वाक्यद्वारा संरचित छन् । प्रबन्ध/लेखहरू क्रमशः ५२, ६९, ६७, ३९ र ३३ वाक्यहरूद्वारा संरचित छन् । रूपक विधाका पाठहरू ७२ र ७६ वाक्य तथा ३५ र ८ वार्ताद्वारा संरचित छन् । त्यस्तै गरी जीवनी विधाका पाठहरू क्रमशः ५२, ४३ , ८६ र ४३ वाक्यद्वारा संरचित छन् । चिठी विधामा २

वटा पाठहरू जुन २३ र ११ वाक्यहरूद्वारा संरचित छन् । यस पाठ्यपुस्तकमा १४३ पृष्ठहरू रहेका छन् ।

गद्य विधाका पाठहरूमा सरल, संयुक्त र मिश्र तीनै खाले वाक्यहरू प्रयोग भएका छन् । वाक्यमा शब्द संख्याका दृष्टिबाट हेर्दा "कसैको हित हुदैन, प्रकृतिमा सन्तुलन छैन ।" (वातावरणको रक्षा) जस्ता ३/३ शब्दहरूद्वारा संरचित वाक्यहरूदेखि लिएर पसिना काढेर खुइय्य गर्दै हिड्नुपर्ने ठाउँमा सरर मोटरमा गुड्न पाइने, घरैभित्र धारा खोलेर पानीले नुहाउन पाइने, मन लागेको वस्तु किनेर खान लाउन पाइने, औषधी उपचार गर्नु पर्दा टेलिफोनबाट घरघरैमा डाक्टर झिकाउन सकिने, रातको अन्धकारमा झलमल्ल घाम झैं विजुली बत्ती बल्ने, सुतीसुती टेलिभिजनबाट संसार हेर्न पाईने अनि लेखपढका निमित्त टोलैपिच्छे विद्यालय पाइने के हामीले खोजेका सुख र सुविधा होइनन् ? शहरीया जीवनभन्दा गाउँले जीवन सुखी हुन्छ पृ ६७) जस्ता ५६ शब्द सम्मका वाक्यहरू यस पाठ्यपुस्तकभित्र छन् । औषत वाक्यहरू १२–१३ शब्दबाट संरचित छन् । पद्य विधाका पाठहरू हेर्दा 'पुत्रबराबर करुणापात्र' (ईश्वरस्तुति, पृ. २) जस्ता २ शब्ददेखि लिएर 'हामी होचा कद यदि हुने छौ त के हुन्छ यल्ले ?' (नेपाल आमाप्रति पृ १२६) जस्ता १० शब्दसम्म संरचित हरफहरू छन् । सबै कविताहरूको संरचना छन्द तथा लययुक्त रहेका छन् । विधागत शैलीका दृष्टिबाट पनि पाठहरू हेर्न सकिन्छ । कविताहरू विधागत धर्म अनुसार छन्दोबद्ध र लयबद्ध छन् । कथा विधाले वौद्धिकताको झल्को दिएको छ । प्रवन्ध निबन्ध जस्ता लेखहरूले प्राकृतिक जविन शैलीलाई दर्शाएका छन् । भाषातत्त्वको प्रयोगका दृष्टिबाट हेर्दा केही विधाका पाठहरूमा भाषा तत्त्व स्वाभाविक रूपले अन्तरनिश्चित छन् । व्याकरणको लागि छुट्टै पाठहरू प्रयोग नभएका अभ्यासमा कार्यमूलक व्याकरण राखि समेटिएका छन् ।

**(ग) नमुना अभ्भास**

'मेरो नेपाली किताब' कक्षा-६ मा प्रश्नोत्तर, उच्चारण वाक्य बनाउने, वस्तुगत प्रश्नहरू, निबन्धात्मक प्रश्नहरूलाई अभ्यासको रूपमा प्रस्तुत गरिएको छ । प्रत्येक अभ्यासमा व्याकरण खण्ड छुट्टै दिइएको छ । अन्त्यमा सिर्जनात्मक अभ्यास पनि प्रत्येक अभ्यासमा दिइएको छ । यसरी पाठहरूका अभ्यासलाई अभ्यास, व्याकरण र सिर्जनात्मक खण्ड गरी ३ तहमा छुट्टयाइएको छ । प्रत्येक पाठहरूका अभ्यासहरूमा अभ्यासखण्ड ७ देखि १४ सम्म व्याकरण खण्ड ७ सम्म र सिर्जनात्मक अभ्यासखण्डलाई १ देखि ४ अङ्कसम्म

दिइएको छ । अभ्यास खण्डमा विषयगत र वस्तुगत प्रश्नलाई स्थान दिइए पनि विषयगत प्रश्नहरूलाई बढी प्रश्रय दिइएको छ । व्याकरण खण्डमा भने वस्तुगत अभ्यासमा वढी जोड दिइएको छ । सिर्जनात्मक अभ्यास खण्डमा कथा, कविता, अनुच्छेद जीवनी आदि विषयवस्तु दिई उनीहरूको क्षमता बृद्धि गराउनमा जोड दिइएको छ । यसमा सुनाइ, वोलाइ, पढाइ र लेखाइ जस्ता सीपका चारै पक्षलाई स्थान दिएको पाइन्छ । ३ किसिमका अभ्याहरू निम्न रहेका छन्

१. अभ्यास खण्ड –२१८ वटा

२. व्याकरण खण्ड –११३ वटा

३. सिर्जनात्मक अभ्यास खण्ड – ५० वटा

यसरी विभिन्न प्रकृतिका अभ्यासहरूलाई जम्मा गर्दा ३८१ वटा रहेका छन् । एउटै अभ्यासबाट एकभन्दा बढी भाषिक सीपहरूको अभ्यास भएको पाइन्छ । त्यस्तै एउटै प्रकृतिका अभ्यास भनेर वर्गीकरण गरिएका अभ्यासहरूभित्र पनि अलग-अलग प्रकृतिका अभ्यासहरू रहेका छन् । यी अभ्यासहरू आफैमा पूर्ण छैनन्, शिक्षकका लागि नमुना मात्र हुन् । विभिन्न अभ्यासहरूमा विभक्ति, निपात, आदरार्थी, विपरीतार्थी, नाम, सर्वनाम, लिङ्ग, वचन, करण, अकरण, लेख्य, हिज्जे, उखान टुक्का काल, क्रिया, क्रियापद, पर्यायवाची, वाक्यपरिवर्तन, पक्ष, अनुकरणात्मक शब्द, पदसङ्गति जस्ता कार्यमूलक व्याकरणका तत्त्वहरू रहेका छन् । सिर्जनात्मक प्रयोग क्षेत्रका कथा, कविता, अनुच्छेद, सम्वाद, तर्कपेश, वाक्यमा प्रयोग, सामाजिक संघ संस्थाका बारेमा तर्क वितर्क, प्रबन्ध, चिठी, छर⁄छिमेकका समस्या समाधान, घातक रोगहरूबारे, जीवनी आदि लेखन तथा अभिनयका अभ्यासहरू छन् । यसरी विभिन्न अभ्यासहरूमा समेटिएका विषयवस्तु र अभ्यासको प्रकृति हेर्दा भाषिक सीप पक्षमा निम्न अनुसारका अभ्यासहरू सम्बन्धित भएको पाउन सकिन्छ ।

१. सुनाइ ⁄ बोलाइ सीप - ९५ अभ्यासहरू

२. पढाइ सीप -११८ अभ्यासहरू

३. लेखाइ सीप - ४२८ अभ्यासहरू

यहाँ सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू एकै ठाउँमा राखिएको छ । त्यस्तै पाठ्यपुस्तकमा भएका जम्मा ३८१ अभ्यासहरू भन्दा भाषिक सीपगत वर्गीकृत अभ्यासहरूको संख्या बढि छ किनभने एउटै अभ्यासबाट १ भन्दा बढी सीपको अभ्यास पनि भएको छ ।

**(घ) चित्र**

यस पाठ्यपुस्तकमा विधाका पाठहरूमा र अभ्यासहरूमा समेत प्रशस्तै चित्रहरू प्रयोग भएका छन् । दुई वटा पाठहरू डुहुरे मुसो सेतो विरालो र युधिष्ठिरको परीक्षा कथाहरूले चित्रकथाको झल्को दिएका छन् । प्रधानाध्यापकलाई निवेदन एक मात्र चिठीमा चित्रको प्रस्तुतिकरण भएको छैन । अन्य पाठहरूमा १ देखि १० चित्रहरूको प्रयोग भएको छ । सबै अभ्यासहरूमा कुनै पनि चित्रको प्रयोग गरिएको छैन । सबै पाठहरूमा जम्मा कूल ६५ वटा चित्रहरूको प्रयोग भएका छ । चित्रहरू कुनै पनि रङ्गीन छैनन् र तस्वीर उतार गरिएका पनि छैनन् । सबै चित्रहरू नमुना आकृतिका मात्र छन् ।

**(ङ) भूमिका निर्देशन आदि**

यस पाठ्यपुस्तकमा भूमिका आदि खण्डअर्न्तगत ५ पृष्ठ अर्थात् ३ पानाहरू रहेका छन् । प्रथम पृष्ठमा पुस्तकको नाम, कक्षा, प्रकाशकको नाम, रहेको छ । दोस्रो पृष्ठमा प्रकाशकको नाम, थोरै सूचनात्मक जानकारी संस्करण, पनि दिइएको छ । मुद्रक तथा वितरकको भनाइ राखिएको छ । तेस्रो पृष्ठमा हाम्रो भनाइअर्न्तगत संक्षिप्त उद्देश्य, लेखकको नाम, परिमार्जकहरूको नाम, डिजाइनहरूको नाम, पुस्तकका सन्दर्भमा आवश्यक निर्देशन, जानकारी, अझ परिमार्जनका लागि राय सुझाव दिने जस्ता कुराहरू उल्लेख छन् । पाचौं तथा अन्तिम पृष्ठमा पाठ नं. पाठ शीर्षक र पृष्ठ भएको विषयसूची राखिएको छ ।

**(च) अन्तिम पृष्ठहरू**

यस पाठ्यपुस्तकमा अन्तिम पृष्ठहरू उपशीर्षक अर्न्तगत राख्न सकिने पृष्ठहरू राखिएका छैनन् ।

**३.२.१.२ बाह्य वा भौतिक पक्ष**

'हाम्रो नेपाली किताव' कक्षा ६ को बाह्य पक्षमा आवरण पृष्ठ, आकार, छपाइ, बधाई मूल्य आदिको उल्लेख गरिएको छ भने कागज केही कमसल देखिएको पनि उल्लेख गरिएको छ ।

**(क) आवरण पृष्ठ**

आवरण पृष्ठको अगाडिको भाग रङ्गीन छ । हिमालबाट पानी बगिरहेको एकातिर छ भने थोरै भागमा कोठा बनाएर यसै पुस्तकको "युक्तिसामु शक्ति टिक्दैन" कथा पाठ २

मा 'एउटा जङ्गलमा हात्तिको बथान', एउटा सानो तर चलाख खरायो, पानीले भरिएको पोखरीको चित्र देखाइएको छ । माथि शुरुमा हाम्रो नेपाली किताब र अन्तिममा कक्षा ६ ठूलो अक्षरमा लेखिएको छ । हरियो र निलो रङ्गको प्रयोग भएको छ । त्यस्तै पछाडिको भाग सादा छ । शुरुमा कक्षागत गीत कक्षा ६ लेखिएको र त्यस मुनि कक्षागत गीतका हरफहरू निला केही ठूला अक्षरमा लेखिएको छ । त्यसमुनि नेपाल सरकारको लोगो, मुद्रक तथा वितरकको नाम, प्रकाशकको नाम, मूल्य (नेपाली रूपैयामा) लेखिएको छ । आवरण पृष्ठमा प्रयोग गरिएको कागज सामान्य तर केही मोटो रहेको छ । अग्र र पश्च आवरणको भित्री पृष्ठ सादा सेतो रगंको रहेको छ ।

### (ख) आकार

आकारका दृष्टिबाट 'हाम्रो नेपाली किताब' कक्षा ६ को लम्बाई २४.०० से.मी, चौडाई १७.२ से.मी. मोटाइ १ से.मी रहेको छ । पाठ्यपुस्तकमा १४३+६ पृष्ठहरू रहेका छन् ।

### (ग) छपाइ

आवरण पृष्ठमा भएको पाठ्यपुस्तकको नाम र स्तरका लागि प्रतिलिपिलाई आधार मानेर हेर्दा ४८ र ५३ प्वाइन्टका अक्षरहरू प्रयुक्त छन् । भूमिका आदिमा पुस्तक शीर्षक ४८ प्वाइन्टको अक्षरमा र अन्य १४ देखि १६ प्वाइन्ट, लेखकका लागि १४ प्वाइन्ट, पाठ्यबस्तुका लागि १६ प्वाइन्टका अक्षरहरू प्रयुक्त छन् । कतिपय तालिकाहरूमा १२ प्वाइन्टसम्मका अक्षरहरू छन् । प्रत्येक पानामा छपाइ गर्दा किनारा अगाडि १.२ से.मी. र पछाडि पनि १.५ से.मी., माथि २ से.मी. र तल २.४ से.मी. छोडिएको छ । छपाइका केही पृष्ठहरू छाया प्रिन्ट भएर अस्पष्ट जस्तो देखिएका छन् भने कुनैमा पृष्ठ संख्या लेखिएको छैन । अक्षरहरू अपसेट प्रेसबाट छापिएका छन् र सेतोमा कालो मसी मात्र प्रयोग भएको छ । अनुच्छेद अन्तर ०.५ से.मी. छ । नयाँ अनुच्छेद सुरु गर्दा पहिलो प्रारम्भका लागि नयाँ पृष्ठ प्रयोग गरिएको छ ।

### (घ) कागज

पाठ्यपुस्तक छपाइका लागि प्रयोग भएको कागज एकनासको हल्का सेतो रंगको छ । आवरण पृष्ठको कागज केही बाक्लो छ ।

**(ङ) बँधाई**

पाठ्यपुस्तकका पृष्ठहरूलाई स्टेपपिनद्वारा दुई ठाँउमा बाधिएको छ । आवरण पृष्ठद्वारा दुबै बन्धन छोपिएको छ । अर्थात् स्टेपपिनद्वारा बाचिएको पाठ्यपुस्तकलाई गम प्रयोग गरी आवरण पृष्ठले छोपिएको छ ।

**(च) मूल्य**

यो पाठ्यपुस्तक नेपाल सरकारद्वारा सार्वजनिक विद्यालयहरूमा अध्ययन गर्ने छात्र - छात्राहरूका लागि निशुल्क बितरण गरिदै आएको छ तर पनि विक्री वितरण प्रयोजनका लागि भने रु ४५.७५ तोकिएको छ । आजभोलि प्रत्येक विद्यालयले पुस्तक पसलबाट आफूलाई चाहिने पाठ्यपुस्तक किन्नु पर्ने र शिक्षाशाखाले एक मुष्ठ रकम विद्यालयका खातामा पठाइदिने गरेकोले मूल्य राखिनु सान्दर्भिक नै पाइन्छ ।

**३.२.२ मेरो नेपाली माला - ६**

भाषा पाठ्यपुस्तक अध्ययन तथा विश्लेषणका लागि तयार पारिएका अध्ययन बुँदाका आधारमा संक्षिप्त रूपमा  अध्ययन गरिएको छ :-

**३.२.२.१ आन्तरिक वा शैक्षिक पक्ष**

'मेरो नेपाली माला ६' को आन्तरिक पक्षमा विषयवस्तु, विधा, चित्र, शैली, संरचना अभ्यास आदिको बारेमा उल्लेख गरिएको छ त्यस्तै भूमिका अन्तिम दृष्टिकोणका बारेमा पनि यहाँ चर्चा गरिएको छ ।

**(क) विषयवस्तु**

मेरो नेपाली माला-६ मा सम्पादन गरिएका पाठहरू मुख्यत: शिक्षाप्रद नैतिक मूल्य, उपदेशात्मक वस्तु, परिचय, जनावर परिचय, संस्कृति र संस्कार परिचय, सूचनात्मक हाम्रो देश नेपाल र त्यहाँका वासिन्दा, राष्ट्रिय ब्यक्तिहरूको जीवनी, प्राकृतिक वर्णन, आपसी छलफल र सहयोग, विज्ञान प्रविधि जस्ता विषयवस्तुहरू रहेका छन् । कथाहरू शिक्षाप्रद, आपसी सहयोग, नैतिक शिक्षा दिने खालका छन् । कविताहरूले स्वचिन्तन, स्वाभिमान, परचिन्तन, देशप्रेम, स्वदेशको प्रेम, प्राकृतिक वर्णन, वीरहरूको वर्णन, जस्ता विषयवस्तुहरूको कलात्मक रूपमा प्रस्तुतीकरण गरेका छन् । छिमेकीले सहयोगी भावना, हरितगृहप्रभावले प्रकृति तथा वनस्पतिहरूको संरक्षण, मूर्खताको परिणामले आफ्नै सन्तानको विनास भएको र नेपाल कविताले स्वदेशको पहिचान जस्ता थुप्रै जानकारी प्रस्तुत गरेका

छन् । यस्ता विविध विषयका  २० वटा पाठहरू यस पाठ्यसामग्रीमा सम्पादन गरिएका छन् ।

**(ख) विधा तथा प्रस्तुति**

विधागत प्रयोगका दृष्टिले यस पाठ्यपुस्तक ६ किसिमका विधाहरू प्रयोग भएका छन् । ती विधाहरूसँग र विधा अन्तर्गत सम्बद्ध पाठहरू तलको तालिकामा देखाइएको छ :-

**तालिका २ : विधा र विधागत पाठहरू**

| क.सं. | विधा | विधागत पाठहरू | क्षेत्र (सामान्यतः) |
|---|---|---|---|
| १ | कविता | १. सहिद तिम्रो गर्दछौ वन्दना | छन्दलय |
| | | २. नैतिक दृष्टान्त | छन्दलय |
| | | ३. गरिब | लोकलय |
| | | ४. प्रभात | छन्दलय |
| | | ५. नेपाल | लोकलय |
| २. | कथा | १. उत्तम शिष्य र उत्तम गुरुदक्षिणा | नैतिक |
| | | २. छिमेकी | लोक |
| | | ३. ईर्ष्याको फल | पौराणिक |
| | | ४. मूर्खताको परिमाण | पौराणिक |
| | | ५. चटक | सामाजिक |
| ३. | प्रबन्ध | १. लोसार | सांस्कृतिक |
| | | २. कम्प्यूटर मान्छेको | प्रविधि |
| | निबन्ध | सहयोगी यन्त्र | व्यवसायिक |
| | | ३. हरित गृह प्रभाव | वातावरणीय |
| | | ४. सुख | वर्णनात्मक |
| ४. | चिठी | १.प्रधानाध्यापकलाई निवेदन | कार्यालयीय |
| | | २. भाइलाई चिठी | घरायसी |
| ५. | जीवनी | १. नेपाली संगीतका शिखर नातिकाजी | संगीतकार |
| | | २. माइकल फराडे | आविस्कार |
| ६ | वादविवाद | १. राम्रो लाउनु भन्दा मिठो खानु बेश | वादविवाद |
| | | २. विजय | संवाद सन्देशमूलक |

यस पाठ्यसामग्रीमा ६ वटा विधाहरूअन्तर्गत कविता ५ वटा, प्रबन्ध ३ वटा, चिठि २ वटा, जीवनी २ वटा, रूपक र निबन्ध १/१ वटा गरी जम्मा २० वटा अध्ययनका पाठहरू रहेका छन् । भाषा तत्त्वलाई पाठका रूपमा प्रस्तुत नगरी अभ्यासका रूपमा प्रस्तुत गरिएको छ । पाठको लम्बाईको दृष्टिबाट हेर्दा ४ हरफमा संरचित ( सहिद तिम्रो गर्दछौ बन्दना ) कविता देखि ९२ वाक्यमा संरचित कथासम्म रहेको छ । अर्थात् पाठहरूको लम्बाई ज्यादै छोटो देखि लामो सम्म रहेको छ । विधागत बाक्य तथा संवादका दृष्टिले समग्रमा हेर्दा कविता विधामाा ३५७ वाक्यहरू प्रबन्ध/लेख विधामा १३८ वाक्यहरू चिठी विधामा ३८ वाक्यहरू, जीवनी विधामा १०६ वाक्यहरू, वादविवादमा ८८ वाक्यहरू, एकांकी विधामा १९ वटा संवाद, र १२ वाक्यहरू निबन्ध विधामा ३७ वाक्यहरू रहेको छन् । पाठका शिर्षकहरू १ शब्ददेखि ५ शब्दसम्मका रहेका छन् ।

### (ग) भाषिक संरचना र शैली

यस पाठ्यसामग्रीमा हरेक विधागत पाठहरूको अन्त्यमा राखिएका शब्दको अर्थलाई नयाँ तथा कठिन शब्दभण्डार मान्न सकिन्छ । यसरी राखिएका शब्दअर्थका शब्दहरू जम्मा २२२ वटा छन् । शब्दको अर्थ राखिएका पाठ ५ ४ वटा रहेका छन् । सबै २० पाठमा जम्मा २१८ वटा कठिन शब्दको अर्थ दिएको छ । यस पाठ्यपुस्तकमा तत्सम, तदभव, आगन्तुक र अनुकररणात्मक शब्द स्रोतका शब्दहरूको प्रयोग गरिएको छ । पाठ्यपुस्तकमा नेटो पटेर, दुखको शिशिर, निर्विष जस्ता अप्रचलित शब्दहरू पनि प्रयोग भएका छन् ।

लम्बाईका दृष्टिबाट विधागत पाठहरूको संरचना निम्न अनुसार छ । कविताका हरफहरू क्रमश १४, १२, २४, १० र २० वटा रहेका छन् । कथाहरू क्रमश ५०, ९३, ७९, ५१ र ९० वाक्यहरूद्वारा संरचित छन् । प्रबन्ध विधाहरू क्रमशः ३८, ३८, ६५ र ३४ वाक्यहरूद्वारा संरचित छन् । जीवनी विधाहरू क्रमशः ४२, ६५ बाक्यहरूद्वारा संरचित छन् । त्यस्तै वादविवाद एकाङ्की र निबन्ध  विधा १ वटा पाठमा क्रमशः ८८, १९ वटा संवाद र १२ र ३७ वटा वाक्यहरूद्वारा संरचित छन् ।

गद्य विधाका पाठहरू सरल, संयुक्त र मिश्र गरी तीनै खाले वाक्यहरूद्वारा संरचित छन् । वाक्यमा शब्द संख्याका दृष्टिबाट हेर्दा धन्यवाद हजुरलाई (विजय एकाङ्की) जस्ता दुई शब्दद्वारा संरचित वाक्यहरूदेखि लिएर तर उ त्यस माटोदेखि पन्छिन् खोज्दछ, टाढिन खोज्दछ तर अज्ञानको अन्धकारमा दौडिरहेको मानवलाई थाहा हुदैन कि जुन माटोदेखि

भएर ऊ दौडिरहेको छ त्यही माटामा उसको हरेक पाइलाको छाप आङ्किकत भइरहेछ अदृश्य रूपमा (चटक) जस्ता ५९ शब्दसम्मका धेरै लामा वाक्यहरू यस पाठ्यपुस्तकभित्र छन् । औसत वाक्यहरू १०-१२ शब्दहरूद्वारा संरचित छन् । पद्य विधाका पाठहरू हेर्दा "प्रयासका पत्थरमा नदीसरि" (गरिब) जस्ता ३ शब्दका पक्तिहरू देखि लिएर "कुनाकाप्चा नखोज पस्न अन्धकार तँ जा पर" (प्रभात) जस्ता ७ शब्दसम्मद्वारा संरचित पङ्क्तिहरू रहेका छन् । सबै कविताहरूको संरचना छन्द तथा लययुक्त छन्

विधागत शैलीका दृष्टिबाट पनि पाठहरूलाई हेर्न सकिन्छ । कविताहरू विधागत धर्मअनुसार छन्दोवद्ध तथा लयबद्ध छन् । "हरित गृह प्रभाव" र "कम्प्यूटरः मान्छेको सहयोगी यन्त्र" जस्ता पाठहरूले वैज्ञानिक चमत्कारले प्रकृतिलाई चुनौति दिएको छ । यी पाठहरू वर्णनात्मक शैलीमा लेखिएका छन् । "चटक" ले जीवन गुजारा गर्ने व्यक्तिको विचारात्मक अभिव्यक्ति भएकाले यसको शैली व्यक्तिगत विचार युक्त छन् । मूर्खताको परिणमले पाठले पौराणिक घटनालाई आफ्नो पृष्ठभूमि बनाएको छ । तसर्थ यो वर्णनात्मक शैलीमा लेखिएको छ । जीवनी विधाका पाठहरू रैखिक शैलीमा लेखिएका छन् । भाषातत्त्वको प्रयोगका दृष्टिबाट हेर्दा विभिन्न विधाका पाठहरूमा भाषातत्त्व स्वभाविक रूपले अन्तरनिहित छ । व्याकरणका लागि छुट्टै पाठहरू प्रयोग भएका छैनन् । शब्दभण्डारका लागि हरेक पाठको अन्तिममा अभ्यास अगाडि अर्थ सहित  राखिएको छ । कार्यमूलक व्याकरण सम्बन्धी विषयवस्तुहरू अन्त्यमा राखिएका छन् ।

**(घ) नमुना अभ्यास**

"मेरो नेपाली किताव माला - ६" पाठ्यसामग्रीमा शब्द र अर्थलाई अभ्यासभित्र राखिएको छैन । हरेक पाठको अन्त्यमा शब्द र अर्थ अनि त्यसपछि विभिन्न अभ्यासहरू प्रस्तुत गरिएका छन् । हरेक विधागत पाठहरूमा १३ देखि २२ वटासम्म अभ्यासहरू दिइएका छन् । अभ्यासका प्रकृतिलाई दृष्टि दिदा प्रत्येक पाठको अन्त्यमा सिर्जनात्मक अभ्यास दिइएको छ । प्रत्येक अभ्यास शब्दभण्डारबाट सुरु गरी अन्त्यमा सिर्जनाबाट अन्त्य गरिएको छ । अभ्यास विभिन्न प्रकृतिका दिइएको छन् । यस्ता अभ्यासका विभिन्न प्रकृतिहरूलाइ १० किसिममा बर्गीकरण गरी हेर्न सकिन्छ । हरेक बर्गीकरण समूहका प्रकृतिसँग मिल्ने अभ्यासहरू निम्न अनुसार छन् ।

१. शब्दभण्डार - ५० अभ्यासहरू

२. वाक्य बनाउने -३० अभ्यासहरू

३. वस्तुगत प्रश्नहरू -५८ अभ्यासहरू

४. पाठसँग सम्बन्धित प्रश्नोत्तर - अभ्यासहरू ५ कार्यमूलक व्याकरण- ३८ अभ्यासहरू

६. शुद्ध पढ्ने लेख्ने -२८ अभ्यासहरू

७. वर्णन गर्ने व्याख्या गर्ने -२१ अभ्यासहरू

८. अर्थ लेख्ने -२१ अभ्यासहरू

९. अनुच्छेद लेखन - १२ अभ्यासहरू

१०. लय हालेर पढ्ने /भन्ने - ६ अभ्यासहरू

यी विभिन्न प्रकृतिका अभ्यासहरू ३२५ वटा रहेका छन् । एउटै अभ्यासबाट एक भन्दा बढी भाषिक सीप विकासका लागि अभ्यास गराउन सकिन्छ । त्यस्तै एउटै प्रकृतिका अभ्यास भनेर वर्गीकरण गरिएका अभ्यासहरू भित्र पनि अलग -अलग विषय र प्रकृतिका अभ्यासहरू रहेका छन् । कुनै पनि पाठ्यपुस्तकमा रहेका अभ्यासहरू आफैमा पूर्ण हुदैनन् बरु शिक्षकका लागि नमूना अभ्यासका रूपमा रहेका हुन्छन् । यी विभिन्न अभ्यासहरूमा लिङ्ग, बचन, नाम, सर्वनाम, क्रियापद, करण/अकरण, विशेषण, काल, उखान, विभक्ति, वचन, पुरुष, लेख्य चिन्ह, अव्यय, वर्ण विन्यास (ब, व/श ष स) जस्ता कार्यमूलक व्याकरणका तत्त्वहरू रहेका छन् । यसरी विभिन्न अभ्यासहरूमा समेटिएका विषयवस्तुहरू र अभ्यासको प्रकृति हेर्दा भाषाका चारै सीप पक्षहरूमा निम्न संख्यामा अभ्यासहरू सम्बन्धित भएको पाउन सकिन्छ ।

१. सुनाइ / बोलाइ सीप - ३१ अभ्यासहरू

२. पढाइ सीप - ८३ अभ्यासहरू

३ . लेखाइ सीप - २११ अभ्यासहरू

यहाँ सँगसँगै अभ्यास हुने हुनाले सुनाइ र बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू पनि सँगसँगै राखिएको छ । एउटै अभ्यासबाट एक भन्दा बढी भाषिक सीप पक्षमा अभ्यास हुन सक्ने भएकोले कतिपय अभ्यासहरू एक भन्दा बढी सीप अन्तर्गत गणना भएका छन् ।

**(ङ) चित्र**

पाठ्यपुस्तमा विधाका पाठहरू र कुनै कुनै त अभ्यासमा पनि चित्रहरू प्रशस्तै राखिएका छन् । दुईवटा चिठीहरूमध्ये एउटा "प्रधानाध्यापकलाई निवेदन" मा बाहेक अरु

सबै १९ वटै पाठमा पाठको शीर्षक सँग मिल्दो गरी चित्रको प्रयोग गरिएको छ । अभ्यासमा भने पाठ ३ को अन्त्यमा सिर्जनात्मक अभ्यासमा र पाठ ६ को व्याकरणमा चित्रको प्रयोग भएको छ । पाठ ७ मा सबैभन्दा कम चित्रको प्रयोग भएको छ भने पाठ १२ र १४ मा सबैभन्दा बढी चित्रको प्रयोग गरिएको छ । बाकी पाठहरूमा २ देखि ७ सम्म चित्रहरू प्रयोग भएका छन् । यसरी प्रस्तुत पाठ्यपुस्तक ८१ वटा चित्रहरू प्रंयोग भएका छन् । चित्रहरू सबै सादा छन् । प्रत्येक अभ्यास शुरु गर्दा एउटा बच्चाले कलम समाएर लेख्न लागेको चित्रबाट गरिएको  छ । यो २० वटै पाठमा लागू गरिएको छ ।

**(च) भूमिका, निर्देशन आदि**

यस पाठ्यपुस्तक चार पृष्ठ अर्थात् दुई पानाहरू भूमिका आदि खण्डअन्तर्गत रहेका छन् । प्रथम भित्री पृष्ठमा पाठ्यसपुस्तक निमार्णको आधार पाठ्यपुस्तकको नाम, लेखक तथा सम्पादकको नाम, संस्करण, सर्वाधिकार, कम्प्यूटर, चित्र अवधारणा र मुद्रण सम्बन्धी जानकारी राखिएको छ । 'हाम्रो भनाइ' शीर्षक अर्न्तगत लेखकीय दृष्टिकोण राखिएको छ । यस पाठ्यवस्तुमा नि.मा.वि. स्तरको पाठ्यक्रमको उद्देश्य वर्तमान स्थिति, समय सीमालाई ध्यान दिएर तयार गरिएको कुरा लेखिएको छ । सकेसम्म यसलाई सम सामयिक, व्यवहारिक र समावेशी बनाइएको कुराको पनि चर्चा गरिएको छ । प्रस्तुत यस पाठ्यपुस्तकको निर्माण प्रयासबारे उल्लेख गर्दै अझ राम्रो गराउन सल्लाह र सुझावको आशा पनि राखिएको छ । चौथो तह तथा अन्तिम पृष्ठमा पाठ नं. पाठ शीर्षक विधाको उल्लेख र पृष्ठसंख्या भएको विषयसूची राखिएको छ ।

**(छ) अन्तिम पृष्ठहरू**

यस पाठ्यसामग्रीमा अन्तिम पृष्ठहरू उपशीर्षक अन्तर्गत राख्न सकिने पृष्ठहरू राखिएका छैनन् ।

### ३.२.२.२ बाह्य वा भौतिक

'मेरो नेपाली माला' ६ को बाह्य पक्ष निकै आकर्षक छ । यसमा आवरण पृष्ठ छपाइ बधाइका कागज आदिको राम्रो व्यावस्था गरिएको छ भने मूल्य केहि बढि राखिएको देखिन्छ । यसलाई तल उल्लेख गरिएको छ ।

**(क) आवरण पृष्ठ**

आवरण पृष्ठको अगाडिको भाग रङ्गीन छ । सिरानमा एकातिर प्रकाशकको थोरै नाम त्यस मुनि पुस्तकको नाम, त्यसमुनि सूर्यका किरणहरू, गोलाकारका वस्तु त्यसमुनि एक छात्राको हातमा ४ वटा किताबहरू, नेपालको  नक्सा र राष्ट्रिय झण्डा, तेस्रो लहरमा नेपालको नक्सा त्यसमुनि राता काला लहरै मिलेका गोला थोप्लाहरू र तल अन्तिम लहरमा लेखकद्वयको नाम रहेको छ । पछाडिको पृष्ठमा पनि यस्तै रङ्गीन भागमा एकातिर अगाडिको जस्तै एक छात्रको हातमा किताबहरू र राष्ट्रिय झण्डा छन् । अरु भाग खैरो छ ।

प्रकाशक संस्थामार्फत् प्रकाशित पाठ्यपुस्तकको नाम छ त्यो सेता अक्षरहरूद्वारा प्रस्तुत गरिएको छ । अन्तिम लहरमा प्रकाशक संस्थाको नाम मूल्य राखिएको छ । अगाडि पछाडिको आवरणको भित्री पृष्ठ सादा सेतो रंगको रहेको छ र बाहिरी आवरण पृष्ठमा प्लाष्टिक लेमिनेशन गरिएको छ ।

**(ख) आकार**

आकारका दृष्टिबाट हेर्दा मेरो नेपाली माला-६ को लम्बाइ २४.३ से.मी. चौडाई १७.४ से.मी. र मोटाइ ०.८ से.मी. रहेको छ । यस पाठ्यपुस्तकमा ११९+४+४ पृष्ठहरू रहेका छन् ।

**(ग) छपाइ**

आवरण पृष्ठमा रहेको पाठ्यपुस्तकका नाम र स्तरका लागि प्रतिलिपिलाई आधार मानेर हेर्दा १५०,१०० प्वाइन्टका अक्षरहरू प्रयुक्त छन् । भूमिका आदिमा पुस्तक शीर्षक स्तर १०० प्वाइन्टका अक्षर र अन्य १४ देखि ३० प्वाइन्ट सम्मका अक्षरहरू प्रयुक्त छन् । पाठ शीर्षकका लागि ४५ प्वाइन्टका पाठ्यवस्तु तथा लेखकका लागि १८ प्वाइन्टका र अभ्यास तथा तालिकाहरूका लागि १६ प्वाइन्टका अक्षरहरू प्रयुक्त छन् । प्रत्येक पानामा छपाइ गर्दा किनारा अगाडि १.८ से मी, पछाडि १.७ से.मी., माथि १.६ से.मी. र तल १.५ से.मी छोडिएको छ । प्रत्येक पृष्ठको पेज नं. सगैं किनारा धर्काको प्रयोग गरिएको छ । छपाइका क्रममा कुनै-कुनै वाक्यहरूमा अनावश्यक चहक भएको छ अक्षरहरू अपसेट प्रेसबाट मुद्रण गरिएका छन् । सेतो पृष्ठभूमिमा कालो मसी मात्र प्रयोग भएको छ । नयाँ

अनुच्छेदको पहिलो हरफ अगाडि १ से.मी. छोडिएको छ । हरेक नयाँ पाठको प्रारम्भका लागि नयाँ पृष्ठ प्रयोग गरिएको छ ।

**(घ) कागज**

पाठ्यपुस्तक छपाइका लागि प्रयोग भएको कागज एकनासको हल्का सेतो रंगको छ । आवरण पृष्ठको कागज केही वाक्लो तथा प्लाष्टिक लेमिलेशन गरिएको छ ।

**(ङ) बँधाइ**

पाठ्यपुस्तकका पृष्ठहरूलाइ स्टेपपिनद्वारा २ ठाउँमा बाधिएको छ । आवरण पृष्ठद्वारा बन्धनहरू छोपिएको छ । अर्थात् स्टेपपिनद्वारा बाँधिएको पाठ्यपुस्तकलाई गम प्रयोग गरी आवरण पृष्ठले छोपिएको छ ।

**(च) मूल्य**

यो पाठ्यपुस्तक निजी प्रयासबाट निर्माण गरिएको छ र यसको प्रयोग पनि निजी विद्यालयहरूद्वारा भइरहेको हुनाले मूल्य अलि मँहगो रु. १८५ तोकिएको छ । सरकारी पाठ्यसामग्रीको तुलनामा यसको मूल्य अलि बढी नै देखिएको छ ।

## ३.३ निष्कर्ष

यस परिच्छेदमा कक्षा ६ को पाठ्यपुस्तकहरू क्रमशः 'हाम्रो नेपाली किताब' कक्षा ६ र 'मेरो नेपाली माला' - ६ को तुलनात्मक अध्ययन गरिएको छ । यी दुबै पाठ्यपुस्तकलाई पाठ्यक्रम कार्यान्वयनको मुख्य शैक्षिक सामग्रीको रूपमा अपनाइएको छ । यी दुबैलाई अलग- अलग उपशीर्षकहरूमा राखेर अध्ययन गरिएको छ । जसमध्ये पहिलो उपशीर्षक "उद्देश्य र पाठहरू" मा पाठ्यपुस्तकमा भएका अभ्यासहरूमा शब्दभण्डार, वाक्य रचना, आदिबारे स्पष्ट पारिएको छ ।

दोस्रो उपशीर्षक "भाषिक सीप विकासका क्षेत्र" अर्न्तगत व्याख्या गरिएका बुँदाहरू उच्चारण, बोध (श्रुति र पठन), कार्यमूलक व्याकरण, शब्दभण्डार र वाक्यमा शब्द संख्याहरू के कति वटा छन् ती बुँदाहरूमा स्पष्ट पारिएको छ ।

त्यसैगरी 'क्षेत्र तथा क्रम र पाठहरू (विधा सहित)' भन्ने उपशीर्षकमा दुबै पाठ्यपुस्तकमा राखिएका ८ विधाहरू प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, व्याकरण र शब्दभण्डार अर्न्तगत चर्चा गरिएको छ । यी दुबै पाठ्यपुस्तक 'हाम्रो नेपाली किताब' कक्षा ६ र 'मेरो नेपाली माला' - ६ मा पहिलोमा २२ वटा पाठ र दास्रोमा २० पाठहरू राखेर तुलना गरिएको छ ।

आन्तरिक वा शैक्षिक पक्षमा विषयवस्तुहरू विभिन्न विधामा तालिका सहित तुलना सहित तुलना गरिएको छ । भाषिक संरचना र शैलीअर्न्तगत कविता, कथा, रूपक, जीवनी, प्रबन्ध/निबन्ध, चिठी सबै विधाको तुलना गरिएको छ ।

वाह्य वा भौतिक पक्ष अर्न्तगत ५ वटा उपशीर्षक राखेर तुलना गरिएको छ । जसमा आवरण पृष्ठ, आकार, कागज, बधाँइ र मूल्यमा हाम्रो नेपाली किताब र मेरो नेपाली माला बीच तुलना गरिएको छ । अत सबै पक्षबाट हेर्दा दुबै पाठ्यपुस्तक पाठ्यक्रम अनुसार नै तयार राखिएको पाइन्छ ।

अतः 'हाम्रो नेपाली किताब' र 'मेरो नेपाली माला' को अध्ययन तथा विश्लेषणका आधारहरू एकै प्रकारका शाखा तथा उपशाखाअन्तर्गत राखेर प्रस्तुत गारिएको छ ।

# परिच्छेद : चार

# 'हाम्रो नेपाली किताब' कक्षा - छ र 'मेरो नेपाली माला' -छ को तुलनात्मक अध्ययन

## ४.१ विषय प्रवेश

कुनै पनि सामग्री वा वस्तुको परिचय दिनु जति सजिलो हुन्छ, त्यसको तुलनामा विश्लेषणात्मक अध्ययन गर्नु कठिन हुन्छ । त्यसै गरी एकै आधारमा बनेका भिन्न सामग्रीहरूको तुलनात्मक अध्ययन यो भन्दा अझ कठिन कार्य हुन्छ । सिद्धान्त तथा निर्दिष्ट विषयवस्तुका बीचमा पनि मेल नहुन सक्छ । यहाँ निर्दिष्ट पाठ्यक्रमलाई सार्वभौम सत्यकै रूपमा मानिएको छ अर्थात् पाठ्यक्रममा राखिएका विधा तथा विषयवस्तुहरूको उपयुक्तताबारे मौन रही घुमाउरो ढङ्गबाट उपयुक्त छन् भन्ने मानिएको छ । यहाँ गरिएको तुलनात्मक अध्ययन पाठ्यक्रमले निर्दिष्ट गरेको लक्ष्य, उद्देश्य तथा विषयवस्तु अनुरूपताका आधारमा सम्पादन गरिएका पाठ्यवस्तुहरूको तुलना मात्र हो । यसरी गरिएको अध्ययनमा भाषा पाठ्यपुस्तकअध्ययन, विश्लेषणको आधारहरूलाई मुख्य मानिएको छ । भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारमा अझ गहन र विस्तृत अध्ययन गर्ने हो भने एउटा पाठ्यपुस्तकको कुनै एक पक्ष मात्रको अध्ययन पनि बृहत् हुन्छ । त्यसैले यहाँ गरिएको अध्ययन एवम् तुलना संक्षिप्त र सामान्य मात्र रहेको छ ।

## ४.२ आपसमा यी दुई भाषा पाठ्यपुस्तक तुलनात्मक अध्ययनका आधार

सामान्यतः भाषा पाठ्यक्रम अनुसार तयार भएका पाठ्यपुस्तकहरूलाई दुई दृष्टिकोणबाट हेर्न सकिन्छ :- पाठ्यक्रमका आधारमा र पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारमा पाठ्यक्रम अनुसार यी दुई पाठ्यपुस्तक र पाठ्यसामग्री कस्ता रहेका छन् ? पाठ्यक्रमअनुरूप तयार भएका छन् छैनन् ? कुन-कुन पक्षहरू पाठ्यक्रमसँग मेल खान्छन् ? कुन कुनसँग मेल खादैनन् ? अपुग वा बढी के भएका छन् ? यी पाठ्यपुस्तक दुबै केही सबल अर्थात् पाठ्यक्रमको लक्ष्य अनुरूपका पक्षहरू र केही दुर्बल अर्थात् पाठ्यक्रमको

अनुरूपताका आधारमा के कति छन् यी पक्षलाई एकै ठाउँमा राखेर तुलनात्मक अध्ययन गरिएको छ । तुलनात्मक अध्ययन वाह्य र आन्तरिक पक्षहरूलाई बुँदागत रूपमा राखेर संक्षिप्त ढङ्गबाट गरिएको छ ।

### ४.२.१ आन्तरिक वा शैक्षिक पक्ष

भाषा पाठ्यपुस्तक अध्ययन विश्लेषणका आधारमा यहाँ तुलनात्मक अध्ययन आन्तरिक वा शैक्षिक पक्षबाट गरिएको छ । जसमा विषय वस्तु, संरचना शैली, विधा, अभ्यास, चित्र आदिका आधारमा दुबै पाठ्यपुस्तकको संक्षिप्त तुलना गरिएको छ ।

#### ४.२.१.१ विषयवस्तु

'हाम्रो नेपाली किताब कक्षा ६' र मेरो नेपाली माला ६ दुबै कक्षा ६ को नेपाली भाषा पाठ्यक्रम अनुसार तयार गरिएका छन् भनिएको छ । दुबै पाठ्यपुस्तकमा सम्पादन गरिएका पाठहरू मुख्यतः शिक्षाप्रद, नैतिक मूल्य सम्झाउने, उपदेशात्मक, वस्तु परिचय, स्थान परिचय, देशप्रेम, व्यवसायिक कार्यको चिनारी, कल्पना र भावना, प्राकृतिक वर्णन, सूचनात्मक विषयवस्तुहरू चयन गरिएका देखिन्छन् । पाठ्यक्रमले घर परिवार, छरछिमेक र समुदाय, हाम्रो देश, वातावररण, शिक्षा, स्वास्थ्य, सरसफाइ, खेलकूद, संस्कृति, चाडपर्व, उत्सव, हाम्रो नैतिक मूल्य र मान्यता, व्यवसाय, पशुपालन, कृषि/उद्योग, कथा, उखान टुक्का जस्ता समग्र पाठ्यक्षेत्र तोकेको छ ।

यस आधारमा हेर्दा 'हाम्रो नेपाली किताब' मा सम्पादित पाठहरू धेर थोर सबै पाठ्यक्षेत्रबाटै परेका छन् । तथापि घर परिवार, समुदाय, सरसफाई, उत्सव भौगोलिक विविधताको पक्ष आदिको चित्त बुझ्दो प्रतिनिधित्व हुन सकेको देखिदैन । गाउँ खाने कथा, उखान टुक्का आदि पाठ्यक्षेत्र शून्य नै देखिन्छ । 'मेरो नेपाली माला' मा सम्पादित पाठहरू सबै पाठ्यक्षेत्रबाट परेका देखिन्छन् । तथापि चाडपर्व, खेलकूद, उखान टुक्का, गाँउ खाने कथा आदिको प्रयोग भएको देखिदैन । घर परिवार समुदाय, स्वास्थ्य, भौगोलिक विविधता आदि क्षेत्रमा पाठ्यपुस्तकहरू 'हाम्रो नेपाली किताब' मा भन्दा केही सुसंगत रूपले संयोजन गरिएको देखिन्छ । चटक हरित गृह प्रभात, नेपाल जस्ता पाठहरूमा भौगोलिक तथा विषयगत विविधता देखिन्छ । अभ्यासमा राखिएका विषयवस्तुहरू 'हाम्रो नेपाली किताब' मा

भन्दा सुसंगठित व्यवहारिक र बाल उपयोगी देखिन्छ । अभ्यासको संख्या पनि 'मेरो नेपाली माला' मा बढि छ । शब्द भण्डार, बोध विचार, व्याकरणका अभ्यासहरू स्पष्ट किटान गरिएको छ । तसर्थ यो पाठ्यपुस्तक पाठ्यक्रमको उद्देश्यको नजिक पुगेको देखिन्छ । व्याकरणका अभ्यासहरू 'हाम्रो नेपाली किताब' मा बढि र प्रत्यक्ष देखिन्छन् भने मेरो नेपाली मालामा केही कम र अप्रत्यक्ष देखिन्छन् ।

### ४.२.१.२ विधा तथा प्रस्तुति

निम्न माध्यामिक तहको प्रारम्भिक तह कक्षा ६ लाई मानिएको छ । यस कक्षाका विद्यार्थीहरूलाई बालसुलभ अभिरुचिका सामग्रीहरू उपयुक्त हुनु स्वाभाविक छ । विषयवस्तुहरू विद्यार्थीहरूको कल्पनाशक्तिको अनुभव बढाउने किसिमका उपयुक्त मानिन्छन् । जीवनी र रूपक विधा पनि बालउपयागी हुनुपर्छ । मुख्यत : विधाका पाठहरू छनोट तथा स्तरण गर्दा विद्यार्थीहरूको भाषिक सामाजिक, सांस्कृतिक बैाद्धिक तथा संवेगात्मक पृष्ठभूमिलाई हेनुपर्दछ । त्यस्तै छनोट गरिएका पाठहरू तथा पाठ्क्रमका विधागत संख्याको स्थिति तलको तालिकामा यसरी देखाउन सकिन्छ ।

**तालिका ३ : पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको विधाको विस्तृतीकरण**

| विधा तथा उपविधा | कक्षा ६ को नेपाली भाषा पाठ्यक्रम | हाम्रो नेपाली किताब कक्षा ६ | मेरो नेपाली माला ६ |
|---|---|---|---|
| कथा | ५/६ | ५ | ५ |
| **लोक** | | २ | १ |
| सामाजिक | | १ | १ |
| नैतिक | | १ | १ |
| पौराणिक | | १ | २ |
| **कविता** | ४ | ४ | ५ |
| लोकलय | | २ | २ |
| छन्दलय | | २ | ३ |
| **प्रबन्ध/निबन्ध** | ५/६ | ५ | ४ |
| सामाजिक | | १ | १ |
| व्यवसाहिक | | १ | १ |
| प्राकृतिक | | १ | |
| सांस्कृतिक | | १ | १ |
| वातावरणीय | | १ | १ |
| **रूपक** | २ | २ | २ |
| वादविवाद | | १ | १ |
| संवाद | | १ | १ |
| **जीवनी** | ३ /४ | ४ | २ |
| राष्ट्रिय | | ३ | १ |
| अन्तराष्ट्रिय | | १ | १ |
| **चिठि** | २ | २ | २ |
| घरायसी | | १ | १ |
| कार्यालय | | १ | १ |
| जम्मा | २५ | २५ | २० |

'हाम्रो नेपाली किताब' र 'मेरो नेपाली माला' दुबै पाठ्यपुस्तक सम्पादित पाठहरू पाठ्यक्रमद्वारा निर्दिष्ट विधाभन्दा बाहिर गएका छैनन् । दुबै सामग्रीमा पाठ्यक्रमले निर्देशित

गरे अनुरूप विधा अन्तर्गतका पाठहरू कम वेशि देखिन्छन् । पाठसंख्याको दृष्टिबाट हेर्दा 'हाम्रो नेपाली किताब' मा पाठ्यक्रमले निर्दिष्ट गरे अनुरूप पाठहरू केही २३ नजिक छन् । 'मेरो नेपाली माला' मा पाठ्यक्रमले तोकेभन्दा र जम्मा २० वटा पाठ राखिएका छन् । यसमा प्रबन्ध, निबन्ध, जीवनी र कवितामा कम देखिएको छ। जीवनी विधामा पनि २ भन्दा बढि व्यक्तिको बारेमा जान्नु पर्ने वताएको देखिन्छ। यस आधारबाट हेर्दा पाठ्यक्रम अनुसार 'हाम्रो नेपाली किताब' नजिक छ भने 'मेरो नेपाली माला' अलि टाढा भएको देखिन्छ।

विधागत पाठहरूको तुलना गर्दा दुबैको पहिलो पाठ कविता छ । 'हाम्रो नेपाली किताब' मा ईश्वरस्तुति छ भने मेरो नेपाली माला मा "सहिद ! तिम्रो गर्दछौ वन्दना" शीर्षकका कविताहरू रहेका छन्। पहिलोको कविता नैतिक शिक्षा दिने लोकलयमा आधारित छ भने दोस्रोको कविता देशभक्ति, माधुर्ययुक्त, लयबद्ध किसिमको छ । शैलीबारे पछिल्लो बुँदामा चर्चा गरिने छ। दुबै सामग्रीमा कविता पछि कथाका पाठहरू रहेका छन्। पहिलोमा असल विचार राख्ने र वौद्धिक किसिमको छ भने दोस्रोमा पौराणिक व्यवहारिक किसिमको कथा रहेको छ । विषय घटनालाई दुबैमा प्रमुख मानिएको छ । तेस्रो पाठहरूमा दुबैमा प्रबन्ध राखिएको छ । पहिलोमा सामाजिक छ भने दोस्रोमा सास्कृतिक चाडपर्वको झल्को दिइएको छ।। यस पछिका पाठहरूको विधागत क्रम सबैमा आपसमा मिलेको छैन । दुबै पाठ्पुस्तकको पाठ आठमा प्रबन्ध , पाठ १० मा कथा, १२ मा कविता , १७ मा प्रबन्ध, २० मा कविताहरू दुबैमा मिलेको देखिन्छ। दुबैमा विधागत विभिन्नता भए पनि लगातार एउटै विधा दोहोर्‍याएर राखिएको छैन। रखाईका दृष्टिले दुबै किताब उपयुक्त नै देखिन्छ।

### ४.२.१.३ भाषिक संरचना र शैली

भाषा पाठ्यपुस्तकमा उपयुक्त भाषाको संरचना र शैली विद्यार्थीको क्षमता अनुकूल शुद्ध र सन्दर्भमूलक हुनुपर्दछ। नि .मा .वि तहको प्रारम्भमा प्रयोग हुने भाषा पाठ्यपुस्तकको संरचना र शैलीको दृष्टिबाट यी दुई पाठ्यपुस्तको तुलना गरिएको छ।

यी दुई पाठ्यपुस्तकहरूमा प्रत्येक पाठहरूको अन्त्यमा राखिएका कठिन शब्द र अर्थहरूलाई नयाँ शब्दभण्डार मान्न सकिन्छ । यस्ता शब्दहरू हाम्रो नेपाली किताब' मा ३४३ वटा छन् भने 'मेरो नेपाली माला' मा २१८ वटा छन्। यस आधारबाट हेर्दा दोस्रोमा भन्दा पहिलोमा पाठसंख्या पनि धेरै भएकोले शब्दहरू पनि १२५ ले बढि छन् । दुबै पाठ्पुस्तकमा केही अप्रचलित र स्तर अनुकूल नदिखिएका शब्दहरू प्रयोग भएका छन् ।

'हाम्रो नेपाली माला' मा नाक काटनु, सङग, इतिश्री, अषेश सुर्यचन्द्राङ्कित, तमिस्रा आदि यस्ता कठिन र अप्रचलित शब्दहरू छन् ।

वाक्यगठन र शब्द चयनको दृष्टिबाट १, १ उदाहरण हेरौं आफ्नो वंशरक्षाका निम्ति चन्द्रदेबबाट तिमिहरूलाई यो जङगल छोडेर अन्तै जान आदेश भएको छ (हाम्रो ने.कि कक्षा ६ 'युक्ति सामु शक्ति टिक्दैन') । अँ मलाई थाहा थियो नानीहरूलाई स्याउ खान मन पर्छ भनेर तल हेर्नुस । यो झोलालाई उल्टाएर देखाउछु । राम्ररी हेरेर भन्नुस । के यसमा केही छ ? (मे..ने..मा...६ चटक पृ १०५) । यी उद्धरणबाट 'मेरो नेपाली माला' मा प्रयुक्त भाषा शैली र शब्दचयन तथा गठन सरल र स्तर अनुरूप देखिन्छ ।

लम्बाइका दृष्टिबाट विधागत पाठहरूको संरचना हेर्दा अघिल्लो पाठ्पुस्तकमा प्रारम्भ २० हरफको कविता बाट प्रारम्भ भएको छ भने त्यसपछि ४०, ४८ १६ हरफका कविताहरू छन् । पछिल्लो पाठ्यपुस्तकको २८ हरफका कविता शुरुमा छन् भने त्यसपछि १२, २४ ,१० र १२ हरफका कविताहरू छन् । दुबैको लम्बाईक्रम मिलेको छैन, तथापि पछिल्लो सामग्रीमा केही छोटा हरफहरू र अघिल्लोमा केही लामा हरफहरू रहेको देखिन्छ ।

पछिल्लो पाठ्यपुस्तक सुरुको १२ हरफको कविता चित्त बुझ्दो छ । कथाहरू पछिल्लोमा क्रमशः ८०, ७९, ७२, ९८ र ११४ बाक्यका छन् भने दोस्रोमा क्रमश ५०, ९३, ७९, ५१ र ९१ वाक्यहरू रहेका छन् । नि.मा.वि. तहका तल्ला कक्षाका विद्यार्थीहरूका लागि पाठहरू लामा र पटयार लाग्दा देखिन्छन् । यस कथाको लम्बाइको दृष्टिले हेर्दा अघिल्लोमा भन्दा पछिल्लोमा पाठ्यपुस्तकमा उपयुक्त लम्बाई रहेको देखिन्छ । दुबैमा रखाइको क्रम भने नमिलेको पाइन्छ । प्रबन्धहरू अघिल्लो पाठ्यपुस्तकमा क्रमशः ५२, ६९, ६७, ३९ र ३३ वाक्यका छन् । जीवनी पछिल्लोमा ३८, ३८, ६५ र ३४ वाक्यका छन् । अघिल्लोमा ५३, ४३, ८६ र ४३ वाक्यका छन् भनि पछिल्लोमा ४ र ६५ वाक्यद्वारा संरचित छन् । चिठी पछिल्लोमा २२ र ११ वाक्यद्वारा संरचित छन् । दुबैमा पाठ्यपुस्तकहरूको समग्र पाठहरूको लम्बाईलाई दृष्टिगत गर्दा 'हाम्रो नेपाली किताब' भन्दा 'मेरो नेपाली माला' विद्यार्थीको स्तर अनुकूल देखिन्छ ।

पद्य विधाका पाठहरूको कठिनाई स्तर र प्रस्तुतीकरणको शैली हेर्दा 'हाम्रो नेपाली किताब' मा १भानुभक्त प्रति श्रद्धाञ्जली' 'राष्ट्रको अखन्डता' जस्ता केही कठिन कविताहरू राखिएका छन् भने 'मेरो नेपाली माला' मा 'नैतिक दृष्टान्त' र 'प्रभात' कविताहरू केही कठिन छन् । दुबैमा बाँकी कविताहरू स्तर अनुकूल नै देखिन्छन् ।

गद्य विधाका पाठहरू दुबै पाठ्पुस्तका सरल, मिश्र र संयुक्त वाक्यहरूद्वारा संरचित छन् । वाक्यमा शब्द संख्याका दृष्टिबाट दुबैमा उस्तै खाले कमजोरी दखिन्छन् । दुबैमा २ देखि ५९ शब्दसम्मका वाक्यहरू छन् । लामा र ज्यादा मिश्रित वाक्यहरू  प्रयोग हुनु दुबै सामग्रीमा कमजोरी देखिन्छ ।

विधागत शैलीका दृष्टिबाट पनि दुबै पाठ्यपुस्तकका पाठहरूलाई तुलना गर्न सकिन्छ । दुबै सामग्रीका कविताहरू छन्द तथा लयबद्ध छन् । गद्य विधाका पाठहरू पनि विधागत धर्म अनुसार नै संरचित छन् । 'हाम्रो नेपाली किताब' मा राखिएका "कृषिमल" र "गुरुशिष्यको सम्बन्ध" प्रथम पुरुष र वर्णनात्मक शैलीमा लेखिएको छ । त्यस्तै 'मेरो नेपाली माला' का "लोसर" र "कम्प्यूटर मान्छेको सहयोगी यन्त्र" जस्ता प्रबन्ध प्रथम पुरुष वर्णन शैलीमा लेखिएको सांस्कृतिक सम्पदा र विज्ञानको अफ कौतूहलपूर्ण विषय संयोजित देखिन्छ । भाषिक प्रस्तुति वा शैलीका दृष्टिले मेरो नेपाली मालाका पाठहरू सरल देखिन्छन् । व्याकरणका अभ्यासहरू दुबैमा छुट्टा छुट्टै राखिनु निकै उचित मानिएको छ । व्याकरण सम्बन्धी अभ्यासहरू 'हाम्रो नेपाली किताब' मा भन्दा 'मेरो नेपाली माला' मा छुट्टाछुट्टै स्पष्टसँग राखिएको छ । दुबै पाठ्यपुस्तकमा भाषा तत्त्वलाई विधाका पाठहरूमा अर्न्तरनिहित गरिए पनि छुट्टै पाठ राखिएको छैन । व्याकरण 'मेरो नेपाली माला' मा केही कम राखिएका छन् । व्याकरणलाई पाठसँग एकीकृत वा समाहित गरेर सिकाउनु बढी सान्दर्भिक देखिन्छ ।

### ४.२.१.४ नमुना अभ्यास

भाषा शिक्षण विधाका पाठहरूबाट मात्र सम्भव छ । भाषा शिक्षण भाषिक सीपपरक हुनाले यसका लागि अभ्यासको आवश्यकता पर्दछ तर पाठ्यपुस्तकहरूमा राखिएका अभ्यासहरू मात्र प्रर्याप्त हुँदैनन् । त्यसैले पाठ्यपुस्तकहरूमा राखिएका अभ्यासलाई नमुना अभ्यास मानिन्छ । नमुना अभ्यास जति प्रभावकारी हुन्छ थप अभ्यास पनि त्यति नै प्रभावकारी बनाएर प्रयोग गर्न प्रशिक्षकलाई सजिलो पर्दछ । यस आधारमा यी दुई सामग्रीहरूमा नमुना अभ्यासहरूको स्थिति तुलना गरिएको छ ।

दुबै पाठ्यपुस्तकहरूमा अभ्यासहरू राखिएका छन् । 'हाम्रो नेपाली किताब' मा शब्दार्थलाई अभ्यास नमानी पाठका पृष्ठहरूमा नै तलपट्टी राखिएको छ । तर 'मेरो नेपाली माला' मा पाठहरू सकिएपछि अन्तिम पृष्ठमा शब्दार्थ भनेर कठिन शब्दको अर्थ दिएको छ । त्यसपछि मात्र अभ्यास राखिएको छ । 'हाम्रो नेपाली किताबमा' अभ्यासका अङ्क ती पाठसँग

सम्बन्धित छन् भने  व्याकरण र सिर्जनात्मक लेखनका अङ्क छुट्टाछुट्टै छन् । तर 'मेरो नेपाली माला' मा मात्र अभ्यासमा पाठसँग सम्बन्धित प्रश्नहरू दिएर शब्दभण्डारका पाठ छुट्टै बोध र विचारका पाठ छुट्टै तर अङ्क क्रमशः शुरुबाटै राखिएको छ । व्याकरण छुट्टै तर अङ्क लगातार राखिएको छ । सिर्जनात्मक लेखनको अभ्यास न्युन रहेको देखिन्छ । हरेक अभ्यासलाई तिनीहरूको प्रकृतिको आधारमा निश्चित समूहमा राखेर हेर्न सजिलो हुन्छ । एकै प्रकृतिका दुबै पाठ्यपुस्तक अभ्यास संख्या तालिकामा यसरी देखाउन सकिन्छ ।

**तालिका ४ : वर्गीकृत अभ्यास संख्या**

| क.सं. | अभ्यास स्वरूप (सामान्यत) | अभ्यास र संख्याहरू | |
|---|---|---|---|
| | | हाम्रो नेपाली किताब | मरो नेपाली माला |
| १ | शब्दभण्डार | ७६ | ५० |
| २ | वाक्य बनाउने | ४५ | ३० |
| ३ | बाक्य पुरा गर्ने | २६ | २१ |
| ४ | अनुच्छेद लेख्ने | १५ | १२ |
| ५ | पाठसँग सम्बन्धित प्रश्नोत्तर | ३१ | ४० |
| ६ | शुद्ध पढ्ने/लेख्ने | २९ | २८ |
| ७ | पठन बोध (पाठ बाहेक) | २७ | २१ |
| ८ | पाठसँग सम्बन्धित विविध | ६५ | ३८ |
| ९ | लय हालेर पढ्ने भन्ने | ६ | ६ |
| १० | विभिन्न विषयका बहुवैकल्पिक | ६१ | ५८ |
| | जम्मा | ३८१ | ३०४ |

विभिन्न प्रकृतिका अभ्यासहरू सहित 'हाम्रो नेपाली किताब' मा ३८१ वटा रहेका छन् । 'मेरो नेपाली माला' मा शब्दार्थ सहित ३०४ वटा रहेका छन् । यस विवरणबाट स्वतः 'मेरो नेपाली माला' मा भाषिक अभ्यासहरू बढि राखिएको देखिन्छ । त्यस्तै प्रश्नहरूको विविध दृष्टिकोणबाट हेर्दा 'हाम्रो नेपाली किताब' मा भाषिक अभ्यासहरू  अनुच्छेद सहित राखिएको छ । सजिलो पाठका निश्चित अनुच्छेद पढ्ने कोठेपद भर्ने जस्ता थप अभ्यासहरू राखिएको छ । यो विवरणबाट स्वाभाविक रूपमा 'हाम्रो नेपाली किताब' भन्दा 'मेरो नेपाली

माला' का अभ्यासहरू विविधतायुक्त बढि र उत्कृष्ट देखिएका छन् । यी अभ्यासहरू भाषिक सीपका आधारमा एकीकृत गर्दा यस्तो देखिन्छ ।

**तालिका ५ : भाषिक सीप र अभ्यास**

| क.स. | भाषिक सीप | अभ्यासहरू | |
|---|---|---|---|
| | | हाम्रो नेपाली किताब | मेरो नेपाली माला |
| १ | सुनाइ/बोलाइ | ९५ | ३१ |
| २ | पढाइ | १.१८ | ८३ |
| ३ | लेखाइ | ४२८ | २११ |
| | जम्मा | ६४१ | ३२५ |

सुनाइ/बोलाइ सीपसँग सम्बन्धित अभ्यासहरू 'हाम्रो नेपाली किताब' मा बढी देखिएका छन् । 'मेरो नेपाली माला'मा अभ्यासहरू सबै पक्षमा कम देखिएका छन् । एउटै नं. को अभ्यासले १ भन्दा बढी भाषिक सीपको विकास गराएका छन् । तसर्थ अभ्यासहरू बढी देखिएका हुन् । 'हाम्रो नेपाली किताब' मा पाठहरू पनि बढि भएकोले 'मेरो नेपाली माला' मा भन्दा झण्डै दोब्बर बढी अभ्यासहरू रहेका छन् । भाषिक सीपसँग सम्बन्धित अभ्यासहरू 'हाम्रो नेपाली किताब' मा बढी र व्यवहारिक देखिन्छन् । वस्तुगत अभ्यासहरू अन्तर्गत बहुबैकल्पिक प्रश्नहरू दुबैमा बढी राखिएकोमा यो सकारात्मक पक्ष हो । त्यस्तै कोठेपद भर्ने अभ्यास शब्द भण्डार बृद्धि गराउन रोचक र प्रभावकारी अभ्यास मानिन्छ ।

### ४.२.१.५ चित्र

चित्रहरूको प्रयोग दुबै सामग्रीमा राखिएको छ । 'हाम्रो नेपाली किताब' मा प्रशस्त चित्रहरू प्रयोग गरिएका छन् । तर आकृति हेर्दा साना र केही अस्पष्ट छन् । 'मेरो नेपाली माला' मा प्रयुक्त चित्रहरू आकारले हेर्दा ठूला र स्पष्ट पनि देखिन्छन् ।

### ४.२.१.६ भूमिका, निर्देशन आदि

पाठ्यपुस्तकमा परिचय तथा प्रयोग सम्बन्धी केही जानकारीहरू राखिनु पर्छ । यी दुबै पाठ्यपुस्तकमा यस्ता केही जानकारीहरू राखिएका छन् । 'हाम्रो नेपाली किताब' मा ६

पृष्ठहरू भूमिका आदि खण्ड अन्तर्गत राखिएका छन्  भने 'मेरो नेपाली माला' मा ४ पृष्ठहरू राखिएका छन् । पहिलो र दोस्रो पृष्ठ दुबैमा समान छन् । तेस्रो पृष्ठमा 'हाम्रो नेपाली किताब' मा किताबको नाम कक्षा र प्रकाशन गर्ने संस्थाको नाम राखिएको छ । पहिलोमा भन्दा दोस्रोमा अलि  धेरै लेखिएको छ । चौथो पृष्ठमा पहिलोमा केही सूचना र जानकारी वढि राखिएको छ भने दोस्रोमा जानकारी वाहेक अरु समान देखिन्छन् । पाँचौ पृष्ठको तेस्रो पानामा दुबैमा समान छन् । अन्तिम  पृष्ठ पनि दुबैका समान रूपका रहेका देखिन्छन् । दुबै विषयमा विषय सूची राखिएको छ ।

### ४.२.१.७ अन्तिम पृष्ठहरू

पाठ्यपुस्तकका अनुसूची वा परिशिष्टहरू यस खण्डमा राखिएको छ । प्रयोग भएका शब्दावलीहरू वा यस्तै जानकारीहरू अन्तिम पृष्ठको शोभा हो । यस्ता पृष्ठहरू दुबै पाठ्यपुस्तकमा राखिएको छ  ।

### ४.२.२ बाह्य वा भौतिक पक्ष

भाषा पाठ्यपुस्तक विश्लेषणका आधारमा कक्षा ६ को हाम्रो 'नेपाली किताब' र 'मेरो नेपाली माला' को बाह्य वा भौतिक पक्षबाट तुलना गर्दा यी दुबैको आवरण पृष्ठ, आकार कागज, बधाई, छपाई, मूल्य आदिबाट तुलना गरिएको पाइन्छ ।

### ४.२.२.१ आवरण पृष्ठ

पाठ्यपुस्तकको आवरण पृष्ठ विद्यार्थीहरूको स्तर अनुसार आर्कषक तथा बलियो पनि हुनुपर्छ । यस आधारबाट हेर्दा 'हाम्रो नेपाली किताब' को आवरण पृष्ठ सामान्य कलात्मक र साधारण रङ्गीन देखिन्छ । पछाडिको पृष्ठमा कक्षागत गीत राखिनु राम्रो पक्ष हो । 'मेरो नेपाली माला' को आवरण पृष्ठ कलात्मक विविधतायुक्त तथा रङ्गीन देखिन्छ । सूर्यका किरण, गोलाकार वस्तु नेपालको नक्सा , राष्ट्रिय झण्डा राखिएको छ । यसमा कक्षा ६ को कक्षागत गीत राखिएको छैन । आर्कषक र विविधतायुक्त रङ्गीन आवरण भएकाले 'हाम्रो नेपाली किताब' भन्दा 'मेरो नेपाली माला' मनोरञ्जन, आकर्षक र विविधतायुक्त रङ्गीन आवरण भएकाले बढी आकर्षक देखिन्छ । 'हाम्रो नेपाली किताब' को आवरण केही मोटो भए पनि कम सुरक्षित छ । 'मेरो नेपाली माला' को आवरण केही मोटो तथा प्लाष्टिक

भएकोले सुरक्षित देखिन्छ । पछाडिको पृष्ठमा प्रकाशित किताबहरूको नाम लेखिनु भन्दा कक्षागत गीत राखिनु युक्तिसंगत हुने देखिन्छ ।

### ४.२.२.२ आकार

आकारका दृष्टिबाट हेर्दा 'हाम्रो नेपाली किताब' केही मोटो, पाठहरू धेरै २४ सेमी लम्बाइ, १७ सेमी चौडाइ र १ सेमी मोटाइ रहेको छ । भने 'मेरो नेपाली माला' २४.३ से.मी लम्बाइ, १७.४ से.मी चौडाइ र ०.८ से.मी मोटाइ रहेको छ । पल्टाएर हेर्न "मेरो नेपाली माला" सजिलो छ भने 'हाम्रो नेपाली किताब' बोक्न सजिलो छ । आकारका दृष्टिले 'हाम्रो नेपाली किताब' विद्यार्थीको स्तर अनुकूल मान्न सकिन्छ ।

### ४.२.२.३ कागज

'हाम्रो नेपाली किताब' मा प्रयोग भएको कागज हल्का पहेलो रङको छ । आवरणमा प्रयोग गरिएको कागज केही बाक्लो तर असुरक्षित छ । 'मेरो नेपाली माला' मा प्रयोग भएको कागज चम्किलो, सेतो र चिल्लो छ । आवरणमा प्रयोग भएको कागज केही बाक्लो, चिल्लो र लेमिलेशन गरिएको छ । अत कागज र आवरणका दृष्टिले 'मेरो नेपाली माला' सबल देखिन्छ ।

### ४.२.२.४ बँधाइ

दुबै सामग्रीमा स्टेपल पिनको प्रयोग गरीएको छ । स्टेपल पिनलाई आवरणले छोपिएको छ । दुबैको बँधाइ समान देखिन्छ ।

### ४.२.२.५ मूल्य

'हाम्रो नेपाली किताब' पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित अनिवार्य पाठ्यपुस्तक हुनाले यो सार्वजनिक विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि निःशुल्क वितरण गरिन्छ । विक्रीको प्रयोजनको लागि यसको मूल्य रु ४५/७५ राखिएको छ । 'मेरो नेपाली माला' युनाइटेड नेपाल पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित कतिपय बोर्डिङ स्कूलहरूमा पाठ्यपुस्तकका रूपमा प्रयोग भएको छ । यसको मूल्य रु. १८५।- राखिएको छ । यो मूल्य हाम्रो नेपाली किताब को भन्दा चौगुना धेरै राखिएको छ । यो मूल्य निम्न वर्गीय नेपालीको

शक्तिभन्दा धेरै माथिको (बाहिरको) देखिन्छ । कुनै दातृसंस्थाहरूको सहयोग प्राप्त भएर प्रकाशित नभएता पनि यस्ता बाल पाठ्यपुस्तकहरूको सकभर तरलमूल्य मात्र राखिनु युक्ति संगत हुने देखिन्छ ।

## ४.३ निष्कर्ष

कक्षा ६ को पाठ्यपुस्तकहरू क्रमशः यस परिच्छेदमा 'हाम्रो नेपाली किताब' कक्षा ६ र मेरो नेपाली माला-६ को तुलनात्मक अध्ययन गरिएको छ । यी दुबै पाठ्यपुस्तकलाई पाठ्यक्रम कार्यान्वयनको मुख्य शैक्षिक सामग्रीका रूपमा अपनाइएको छ । यी दुबैलाई अलग-अलग उप शीर्षकहरूमा राखेर अध्ययन गरिएको छ । जसमध्ये पहिलो उपशीर्षक 'उद्देश्य र पाठहरू' मा पाठ्यपुस्तक भएका अभ्यासहरूमा शब्द भण्डार, वाक्य रचना, मौखिक तथा अभिव्यक्ति आदिबारे स्पष्ट पारिएको छ । पाठ्यक्रमले स्वीकार गरेका सिकाइ उपलब्धिहरूलाई क्षेत्रगत भाषिक सीपहरू र तिनीहरूको कति कति संख्या छ भन्ने कुराको चर्चा गरिएको छ ।

दोस्रो उपशीर्षक 'भाषिक सीप विकासका क्षेत्र' अन्तर्गत व्याख्या गरिएका बुँदाहरू उच्चारण, बोध (श्रुति र पठन), कार्यमूलक व्याकरण, शब्द भण्डार र वाक्यमा शब्द संख्याहरू के कति वटा छन् ? कति-कति प्रतिशत अकंभार पाठ्यक्रमले तोकेको छ र ती बुँदाहरूमा स्पष्ट पारिएको छ । त्यसैगरी 'क्षेत्र तथा क्रम र पाठहरू (विदासहित)' भन्ने उपशीर्षकमा दवै पाठ्यपुस्तकमा राखिएका आठ विधाहरूमा प्रबन्ध, निबन्ध, कथा, जीवनी, चिठी, रूपक, कविता, व्याकरण र शब्द भण्डार अन्तर्गत चर्चा गरिएको छ । यी दुबै पाठ्यपुस्तक 'हाम्रो नेपाली किताब कक्षा ६' र 'मेरो नेपाली माला ६' मध्ये पहिलोमा २२ वटा पाठ र दास्रोमा २० वटा पाठहरू राखेर तुलना गरिएको छ । दवै पाठ्यपुस्तकमा रहेका प्रत्येक विधामा वाक्यहरू, शब्दहरू छुट्टयाइएको छ । अभ्यासहरूमा पनि यसरी नै छुट्टयाइएको छ ।

आन्तरिक वा शैक्षिक पक्षमा विषयवस्तुहरू र विभिन्न विधामा तालिका सहित तुलना गरिएको छ । भाषिक संरचना र शैली अन्र्तगत कविता, कथा, रूपक, जीवनी, प्रबन्ध/निबन्ध, चिठी सबै विधाको तुलना गरिएको छ । 'हाम्रो नेपाली किताब' मा ३४३ वटा नयाँ शब्दहरू छन् भने 'मेरो नेपाली माला' मा २१८ वटा (केही कमी) नयाँ शब्दहरू राखिएको छ । वाक्यमा शब्दसंख्याहरू दुबैमा २ देखि ५९ शब्द सम्मका अति छोटा र अति

लामा वाक्यको संरचना गरिएको छ । नमूना अभ्यास पनि तालिका सहित तुलना गरिएको छ । सीपगत अभ्यास, चित्र, भूमिका, अन्तिम पृष्ठहरूको पनि दुबैमा तुलना गरिएको छ ।

बाह्य वा भौतिक पक्ष अर्न्तगत ५ वटा उपशीर्षक राखेर तुलना गरिएको छ । जसमा आवरण पृष्ठ, आकार, कागज, बधाई र मूल्यमा 'हाम्रो नेपाली किताब' र 'मेरो नेपाली माला' वीच तुलना गरिएको छ अतः सबै पक्षबाट हेर्दा दुबै पाठ्यपुस्तक पाठ्यक्रम अनुसार नै तयार गरिएको पाइन्छ । तापनि यी दुबै पाठ्यपुस्तकका सबल र दुर्बल पक्षहरू तुलना गरेर पनि प्रस्तुत गरिएको पाइन्छ ।

# परिच्छेद : पाँच

# निष्कर्ष र सुझावहरू

## ५.१ परिच्छेदगत निष्कर्ष

परिच्छेद एकमा 'शोध परिचय' शीर्षक अन्तर्गत 'हाम्रो नेपाली किताब कक्षा ६' र 'मेरो नेपाली माला ६' शीर्षक राखी त्यसका समस्या, उद्देश्य, त्यस भन्दाअघिल्तिर गरिएका पूर्वकार्यहरू, विधिहरू तथा रूपरेखामा ५ वटा परिच्छेदहरू राखिएको बताइएको छ ।

परिच्छेद दुईमा पाठ्यक्रम र पाठ्यपुस्तकको सैद्धान्तिक आधारमा तथा पाठ्यपुस्तक विश्लेषणका आधारहरू शीर्षक अन्तर्गत पाठ्यक्रम तथा पाठ्यपुस्तकहरूको परिचय, विभिन्न विद्वानका परिभाषाका बारेमा चर्चा गरिएको छ । पाठ्यपुस्तकको अध्ययन तथा विश्लेषणका आधारमा आन्तरिक र शैक्षिक पक्ष तथा बाह्य र भौतिक पक्षलाई बुँदाहरू राखेर अध्ययन गरिएकोछ । अन्यमा निष्कर्ष पनि दिइएको छ ।

परिच्छेद तीनमा 'हाम्रो नेपाली किताब' कक्षा ६ र 'मेरो नेपाली माला' कक्षा ६ को शीर्षक अन्तर्गत आन्तरिक आधारमा विधा, शब्दभण्डार, नमुना अभ्यास, चित्र भूमिका जस्ता ६ वटा आधार राखिएका छन् । त्यस्तै बाह्य वा भौतिक पक्षमा आवरण पृष्ठ, आकार, छपाइ, मूल्य, बँधाइ  जस्ता ६वटा आधारलाई दुबै पाठ्यपुस्तकमा छुट्टाछुट्टै राखेर अध्ययन गरिएको छ । अन्त्यमा निष्कर्ष पनि दिइएको छ

परिच्छेद चारमा 'हाम्रो नेपाली किताब' कक्षा ६ र 'मेरो नेपाली माला' -६ को तुलनात्मक अध्ययन शीर्षकअन्तर्गत दुबै पाठ्यपुस्तक आन्तरिक र बाह्यपक्षका आधाबाट तुलना गरिएको छ । यसमा पाठ्यक्रमका विधाहरूलाई पनि सँगसँगै अध्ययन विश्लेषण गरिएको छ । आन्तरिक पक्षमा विषयवस्तु, विधा, संरचना शैली, नमूना अभ्यास, भाषिक सीप र अभ्यास आदिका आधारमा तुलना गरिएको छ । बाह्य पक्षमा आवश्यक पृष्ठ आकार, छपाइ, मूल्य आदिलाई आधार मानेरतुलना गरिएको छ । यस परिच्छेद शोधकार्यको शीर्षक पनि भएको हुनाले यसलाई अलि महत्त्व दिएर अध्ययन गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष

- 'हाम्रो नेपाली किताब' कक्षा ६ र 'मेरो नेपाली माला' -६ दुबैको नेपाली भाषा पाठ्यक्रम अनुरूप बनाउने प्रयास गरिएको छ । हाम्रो नेपाली किताबमा घर,

परिवार समुदाय उत्सब, चाडपर्व, भौगोलिक, प्राकृतिक, वातावारणीय, वैज्ञानिक, राष्ट्रिय-अन्तराष्ट्रिय व्यक्तित्व परिचय आदि जस्ता विषय क्षेत्र पाठ्यक्रम अनुरूप राखिएको छ । त्यस्तै 'मेरो नेपाली माला' मा पनि ती विषयवस्तुहरू समावेश गरिएको छ । तर दुबै पाठ्यपुस्तकमा मनोरञ्जन सम्बन्धी खेलकुद, चुट्किला, हस्यौली विषय क्षेत्रको उचित प्रतिनिधित्व हुनसकेको छैन । अत पाठ्यक्रम अनुरूप विषय विधागत रखाइ दुबैमा मिलेको देखिन्छ । तर 'मेरो नेपाली माला' मा पाठहरू केही थोरै भएको देखिन्छ ।

- दुबै सामग्रीमा सम्पादित पाठहरू पाठ्यक्रमद्वारा निर्दिष्ट विधाभन्दा बाहिर गएका छैनन् । तर दुबैमा विधागत संख्या र पाठ्यसंख्याको दृष्टिकोणबाट कमजोरी देखिन्छन् ।
- 'हाम्रो नेपाली किताब'मा २३ पाठ छन् भने 'मेरो नेपाली माला' मा २० वटा पाठ मात्र छन् । ३ वटा पाठहरू 'मेरो नेपाली माला' मा कम देखिन्छ । दुबै सामग्रीमा केही शब्दहरू स्तर अनुकूल देखिदैनन् । तबैतारे, पटेर, अर्मल, कृषकाया आदि यस्ता उदाहरण छन् । दुबै सामग्रीमा विधागत पाठहरूको लम्बाइ क्रमशःबृद्धि हुदै गएको छैन् । पाठहरूको लम्बाइ मेरो नेपाली माला मा केही कम र उपयुक्त देखिन्छ । हाम्रो नेपाली किताब मा राखिएका पाठहरू केही लामा र कठिन छन् ।
- दुबै पाठ्यपुस्तकमा वाक्यमा शब्द संख्या ३ देखि ५९ सम्म रहेका छन् । यो दुबैमा उपयुक्त छैन ।
- भाषिक प्रस्तुति वा शैलीका दृष्टिले मेरो नेपाली माला का पाठहरू सरस र सरल देखिन्छन् ।
- व्याकरणका लागि दुबै पाठ्यपुस्तकमा छुट्टाछुट्टै पाठहरू राखिएका छन् तर अभ्यासहरू राखिएका छैनन्
- विभिन्न प्रकृतिका अभ्यासहरू 'हाम्रो नेपाली किताब' मा ३८१ वटा राखिएका छन् । भने, 'मेरो नेपाली माला'मा ३२५ वटा राखिएका छन् । बहुवैकल्पिक प्रश्न, लय हालेर कविता पढ्ने, सिर्जनात्मक लेखनका अभ्यासहरू दुबै पाठ्यपुस्तकहरूमा राखिएका छन् । अतः विविधताका दृष्टिले 'मेरो नेपाली माला'का अभ्यास रोचक तथा प्रभावकारी छन् भने 'हाम्रो नेपाली किताब' का अभ्यास संख्याका दृष्टिले प्रभावकारी छन् ।

- कठिन शब्द र अर्थ प्रस्तुत गरिएका आधारमा हेर्दा 'हाम्रो नेपाली किताब' मा ३३८ वटा छन् । यसमा पाठ संख्या धेरै भएर मात्र नभइ प्रत्येक पाठमा अलि बढि नै राखिएका छन् । 'मेरो नेपाली माला' मा २२ वटा शब्दहरू राखिएका छन् । यस आधारमा हेर्दा हाम्रो नेपाली किताब केही उपयुक्त रहेको देखिन्छ ।
- शब्दकोशको प्रयोग गर्ने अभ्यास दुबै पाठ्यसामग्रीमा राखिएको छैन ।
- 'हाम्रो नेपाली किताब' मा साना र धैरै चित्रहरू प्रयोग भएका छन् भने 'मेरो नेपाली माला'मा आकारमा केही ठुला तर कम चित्रहरूको प्रयोग भएका छन् । चित्र उपयोगी दृष्टिले 'हाम्रो नेपाली किताब' मा उपयुक्त देखिन्छ ।
- 'हाम्रो नेपाली किताब' मा पुस्तक प्रयोग सम्बन्धी निर्देशन राखिएको छ । पुस्तक यो उचित देखिन्छ । जसले शिक्षकलाई स्पष्ट दिशाबोध गराएको देखिन्छ ।
- सिर्जनात्मक लेखनका दृष्टिले मेरो नेपाली मालामा भन्दा हाम्रो नेपाली किताबमा धेरै उपयुक्त र विद्यार्थीहरूको स्वसिर्जनशिलतालाइ प्राथमिकता दिएको पाईन्छ ।
- आवरण पृष्ठको सजावट प्रतीक तथा टिकाउका दृष्टिले 'मेरो नेपाली माला' उपयुक्त देखिन्छ ।
- छपाई र कागजका दृष्टिबाट 'मेरो नेपाली किताब ' केही सबल देखिन्छ ।
- आकारका दृष्टिबाट 'मेरो नेपाली किताब' केही भद्दा छ । बँधाइ दुबैको कमजोर देखिन्छ ।
- मूल्यका दृष्टिबाट 'हाम्रो नेपाली किताब' को मूल्य सर्वसाधारणले किन्न सक्ने राखिएको छ भने 'मेरो नेपाली माला' को मूल्य निकै बढी सर्वसाधारणले धान्नै नसक्ने गरी राखिएको छ । मूल्यका दृष्टिबाट 'हाम्रो नेपाली किताब' सबल देखिन्छ ।

## ५.३ सुझाव

- पाठ्यक्रम अनुरूप बनाउनका लागि 'हाम्रो नेपाली किताब' मा घर परिवार, राष्ट्र, सरसफाइ, उत्सव, भौगोलिक विविधता, उखान टुक्का, गाउँखाने कथा, सिर्जनात्मक लेखन जस्ता विषयवस्तुहरूको उचित संयोजन गराइनु पर्दछ ।

- 'हाम्रो नेपाली किताब' मा चाडपर्व सार्वजनिक स्थलको परिचय जस्तो कविता र प्रबन्ध थपिनुपर्दछ भने 'मेरो नेपाली माला' मा ३ वटा प्रबन्ध, २ वटा कथा, वादविवाद र संवाद जस्ता विषयवस्तु सम्वद्ध पाठहरू थपिनुपर्दछ ।
- दुबै सामग्री विश्लेषण गर्दा प्राप्त उल्लेखित कठिन र स्तर अनुकूल अन्य शब्दहरू हटाइनु पर्दछ ।
- 'हाम्रो नेपाली किताब' मा 'राष्ट्रको अखण्डता' र भानुभक्त प्रति श्रद्धाञ्जली जस्ता कठिन कवितालाइ कक्षा ६ का लागि स्तर अनुकूल बनाइनुपर्दछ ।
- 'मेरो नेपाली माला' मा 'प्रभात' कविता र "हरित गृह प्रभाव" प्रबन्ध स्तर अनुकूल बनाइनु पर्छ । दुबै सामाग्रीमा विधागत पाठहरू प्रस्तुत गरिनुपर्छ ।
- 'हाम्रो नेपाली किताब' मा व्याकरणका अभ्यासहरू केही अप्रत्यक्ष बनाइनुपर्छ । अन्य रचनात्मक तार्किक विविधता पूर्ण अभ्यासहरू थपिनुपर्छ । दुबै सामग्रीहरूमा सुनाइ बोलाइ सीपसगँ सम्बन्ध अभ्यासहरू थपिनुपर्छ ।
- 'मेरो नेपाली माला' मा थप कठिन शब्दहरूको अर्थ राखिनुपर्छ । हाल राखिएका केही शब्दको अर्थ सच्याउनुपर्छ । बालबालिकाका जीवनसँग सम्बन्धित कतिपय उपयोगी शब्दहरू पाठ्यपुस्तकमा समावेश गरिनुपर्छ ।
- दुबै पाठ्यपुस्तकमा कोठे पद शब्दहरू भेर्ने तथा शब्दकोश हेर्ने अभ्यासहरू राखिनु पर्छ ।
- 'हाम्रो नेपाली किताब'मा केही व्याकरणका अभ्यासहरू प्रत्यक्ष बनाउनुपर्छ । अन्य रचनात्मक तार्किक विविधतापूर्ण अभ्यासहरू थपिनुपर्छ ।
- 'मेरो नेपाली माला' मा पुस्तक प्रयोगसम्बन्धी निर्देशन थपिनु पर्ने देखिन्छ ।
- 'हाम्रो नेपाली किताब'को आवरण पृष्ठ थप आकर्षक र बलियो बनाइनुपर्छ ।
- भाषा पाठ्यपुस्तकको निर्माण गर्दा कतिपय सम्भावित पाठहरूको थप अनुसन्धान गरी विषय, विधा, शब्द अभ्यास र चिन्हहरू प्रयोग गरिनु पर्छ ।
- 'हाम्रो नेपाली किताब' को चौथो पाठ 'आफ्नो खुट्टामा उभिन सिक्नुपर्छ' । सम्वाद पृ ३२ मा नारी शिक्षा सम्बन्धी भूमिका वा पृष्ठभूमि थपिनुपर्छ ।

## ५.४ शैक्षिक प्रयोजन

यस शोधकार्यमा प्रस्तुत तुलनात्मक अध्ययनको मुख्यत निम्नलिखित शैक्षिक प्रयोजन भएको बताइएको छ :-

- यस तुलनात्मक अध्ययनले निम्न माध्यमिक तहको कक्षा ६ को भाषा पाठ्यपुस्तक एवम् पाठ्यसामग्री निर्माण गर्दा सो संस्थालाई उक्त पाठ्यपुस्तक वा पाठ्यक्रम अनुसार बनाउन सचेत बनाउने ।
- यस तुलनात्मक अध्ययनले पाठ्यपुस्तक वा पाठ्यसामग्री निमार्ण गर्ने व्यक्ति वा संस्थालाई भाषा पाठ्यपुस्तकका शैक्षिक तथा भौतिक पक्षमा स्तर अनुकूलता अपनाइनु पर्ने आवश्यकता बोध गराउनेछ ।
- यस तुलनात्मक अध्ययनले प्रस्तुत दुई सामग्रीका सबल तथा दुर्बल पक्षको परिचान गरी सदुपयोग गर्न सहयोग पुग्नेछ ।

## ५.६ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

प्रस्तुत तुलनात्मक अध्ययनका क्रममा अनुभव गरिएका अध्ययन हुन बाँकी रहेका तथा यस अध्ययनमा गर्न नसकिएका अनुसन्धानका केही भावि शीर्षकहरू निम्नलिखित बुदाहरूमा प्रस्तुत गरिएको छ :-

१. 'हाम्रो नेपाली किताब कक्षा ६' र 'मेरो नेपाली माला ६' को तुलनात्मक अध्ययन ।

२. 'मेरो नेपाली किताब' ६  को कक्षागत निरन्तरताको अध्ययन ।

३. छनोट र स्तरणका आधारमा पाठ्यपुस्तकहरूका पाठ्यवस्तु र शब्दभण्डारको अध्ययन

४. मेरो नेपाली माला ६-७ को कक्षागत निरन्तरताको अध्ययन ।

५. निम्न माध्यमिक तहको वर्तमान नेपाली भाषा पाठ्यक्रमहरूको कक्षागत निरन्तरताको अध्ययन ।

६. निम्न माध्यमिक तहका वर्तमान नेपाली भाषा पठ्यक्रमहरूको स्तर अनुरूपताको अध्ययन

७. निम्न माध्यमिक तहका पाठ्यपुस्तकहरूमा प्रयुक्त नमुना अभ्यासहरूको मूल्याङ्कन ।

# सन्दर्भग्रन्थ-सूची


अधिकारी हेमाङ्गराज, (२०५७), **नेपाली भाषा शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

____________, (२०५७), **भाषा शिक्षण परिप्रेक्ष्य तथा पद्धति**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

____________ र केदारनाथ शर्मा, (२०५२), **'कक्षा ३ पुरा गरेका विद्यार्थीहरूको शब्द भण्डार क्षमताको अध्ययन (प्रतिवेदन)'**, काठमाडौं : शिक्षा क्याम्पस ।

____________, (२०५४), **प्रारम्भिक नेपाली शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, होमप्रसाद, (२०५४), **कक्षा ५ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार, क्षमताको अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

ओझा, भोला र अन्य, (२०६१), **मेरो नेपाली माला-६,** काठमाडौं : युनाइटेड पब्लिकेशन प्रा.लि. ।

खनाल, तेजप्रसाद, (२०५६), **कक्षा ५ को मेरो नेपाली किताबमा प्रयुक्त शब्दहरूको आवृत्ति गणना**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

गुरुङ, रास्टोगी, (१९८७), **प्रोजेक्ट वन इभाल्युएसन अफ महेन्द्रमाला**, सेरिङ त्रि.वि. ।

गौतम, गेहनाथ, (२०५७), **मेरो नेपाली किताब कक्षा ५ र मेरो नेपाली माला ५ को तुलनात्मक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, काठमाडौं ।

**निम्न माध्यमिक शिक्षा पाठ्यक्रम,** (२०४९), भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

**नेपाल अधिराज्यको संबिधान,** (२०४७), कानुन किताब व्यवस्था समिति ।

नेपाल सरकार शिक्षा मन्त्रालय, (२०६४), **प्राथमिक निम्न माध्यमिक तहका नेपाली पाठ्यपुस्तकहरू**, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

**नेपाली भाषा पाठ्यक्रम, निम्नमाध्यमिक तह,** (२०६७), भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

पोखरेल, बालकृष्ण र अन्य, (२०४७), **नेपाली बृहत् शब्दकोश,** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

पौडेल, नेत्रप्रसाद, (२०५५), **कक्षा ६ को हाम्रो नेपाली किताब र सरल नेपाली श्रृङखलाको तुलनात्मक अध्ययन**, अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, महेन्द्ररत्न क्याम्पस, काठमाडौं ।

पौडेल, हिममाया, (२०६७), **भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक शिक्षण पद्धति**, काठमाडौं : कामाक्ष प्रकाशन ।

भण्डारी, पारसमणि, (२०६२), **स्नातकोत्तर नेपाली शिक्षा शोध विवरण**, काठमाडौं : न्यू हिरा बुक्स इन्टरप्राइजेज ।

____________ र अन्य, (२०६८), **नेपाली भाषा शिक्षण**, काठमाडौं : पिनाकल पब्लिकेसन ।

भट्टराई, गोविन्द, द्रोण दाहाल, (२०६६), **हाम्रो नेपाली किताब कक्षा-६**, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

**माध्यमिक शिक्षा पाठ्यक्रम,** (२०६४), भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

मास्टर प्लान टिम, (१९९१), **टेस्ट वुक एन्ड मेटेरियल**, काठमाडौं : शिक्षा तथा संस्कृति मन्त्रालय ।

लम्साल, रामचन्द्र, (२०४०), **निम्न माध्यमिक तह पुरा गरेका आवासीय र साधारण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठन सम्बन्धी त्रुटि पक्षको तुलनात्मक अध्ययन,** अप्रकाशित शिक्षा स्नातकोत्तर शोधपत्र, त्रि.वि. कीर्तिपुर ।

लाइन्स जेम्स, (१९८९) **प्राइमरी पाठ्यक्रम डेभलपमेन्ट डिसोमीनेसन एन्ड टेस्ट वुक रिभिजन, वर्किङ रिपोर्ट** ।

लामिछाने, यादवप्रकाश, (२०५७), **नेपाली भाषा शिक्षण परिचय**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, (२०५५), **शोधविधि**, काठमाडौं : साझा प्रकाशन ।

**शिक्षा,** (२०५५), शैक्षिक वार्षिक पत्रिका, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

**शिक्षा,** (२०५७), शिक्षा जगतको वार्षिक पत्रिका, भक्तपुर, पाठ्यक्रम विकास केन्द्र ।

## परिशिष्ट - 'क'

## कक्षा छको नेपाली भाषा पाठ्यक्रमको भाषिक सीपगत उद्देश्यहरू

### सुनाइ र बोलाइ

१. उच्चारित ध्वनिहरू सुनी तिनको भिन्नता पहिल्याउन

२. शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न

३. अरुले भनेका कुरा ध्यानपूर्वक सुन्न र भन्न

४. सामान्य मौखिक वर्णनहरू सुनी मुख्य कुरा बताउन

५. कविता, गीत, कथा आदि आनन्दका साथ सुनी प्रतिक्रिया जनाउन

६. स-साना कुराकानी, संवाद, प्रश्नोत्तर आदि सुनी मौखिक अभिव्यक्तिमा भाग लिन

७. आफूले देखे सुनेका र बुझेका वस्तु, वातवरण र घटनाका विषयमा सामान्य वर्णन गर्न

८. सिलसिला र हाउभाउ मिलाएर बोल्न

### पढाइ

१. लिखित सामग्रीलाई गति, यति र लय मिलाई शुद्ध र स्पष्टसँग वाचन गर्न

२ . मुख्य मुख्य कुरा बताउन सक्ने गरी विभिन्न पाठ पढ्न

३. लिखित सामग्रीहरूको मौनवाचन गर्न

४. विभिन्न उद्देश्यले विधागत पाठहरू पढ्न

५. पाठमा प्रयुक्त शब्दहरूको आशय बुझी प्रयोग गर्न

६. विभिन्न विधाका पाठहरू भाव ठम्याई पढ्न

७. विभिन्न विधाका पाठहरूबाट शब्दभण्डारको बृद्धि गर्न

### लेखाइ

१. हिज्जे मिलाई सफा र शुद्धसँग लेख्न

२. लेख्यचिह्नहरूको उपयुक्त प्रयोग गर्न

३. शब्द, वाक्य र पाठका अंशहरू सुनेर लेख्न

४. आफूले देखेका, बुझेका वस्तु तथा घटनाहरूको लिखित वर्णन गर्न

५. स-साना रचनाहरू (अनुच्छेद, चिठी र निवेदन आदि) सिलसिला मिलाई लेख्न

६. आफ्नो रुचिअनुसारका विषयमा स-साना मौलिक रचना गर्न

७. विशिष्ट अशंको भावविस्तार गर्न

८. वाक्यमा पदसंगति आदि बुझी तिनको उपयुक्त प्रयोग गर्न

९. सुनेका, पढेका विषयवस्तुको सार लेख्न

## परिशिष्ट - 'ख'

## निर्धारित सामग्रीको विधा, शीर्षक र वाक्य संवाद पङ्क्ति विवरण

| सि. न | हाम्रो नेपाली किताब कक्षा ६ | वाक्य /सम्बाद | मेरो नेपाली माला | वाक्य/संवाद |
|---|---|---|---|---|
| १ | ईश्वरस्तुति कविता | २० पङ्क्ति | सहिद तिम्रो गर्दछौं वन्दना (कविता | १४ पङ्क्ति |
| २ | युक्सिामु शक्ति टिक्दैन कथा | ८० वाक्य | उत्तम शिष्य र उत्तम गुरु दक्षिणा (कथा) | ५० वाक्य |
| ३ | सामाजिक मेलमिलाप (प्रबन्ध) | ५२ वाक्य | लोसार (प्रबन्ध) | ३८ वाक्य |
| ४ | आफ्नै खुट्टामा उभिन सिक्नुपर्छ (संवाद) | ३५ वार्ता | नेपाली संगीतका शिखर नातिकाजी (जीवनी) | ४२ वाक्य |
| ५ | साहित्यकार भवानी भिक्षु (जीवनी) | ५२ वाक्य | प्रधानाध्यापकलाई निवेदन (चिठी) | ९ वाक्य |
| ६ | भानुभक्त श्रद्धाञ्जलि (कविता) | २० पङ्क्ति | छिमेकी (कथा ) | ९३ वाक्य |
| ७ | ठूले र साने (कथा) | ७९ वाक्य | नैतिक दृष्टान्त (कविता ) | १२ पङ्क्ति |
| ८ | कृषिमल (प्रबन्ध) | ६९ वाक्य | सुख (निबन्ध) | ३७ वाक्य |
| ९ | पितासँग पुत्रको आग्रह (चिठी) | २३ वाक्य | विजय (एकाङ्की) | १९ सम्वाद |
| १० | डुहुरे मुसो र सेतो विरालो (कथा) | ७२ वाक्य | इर्ष्याको फल (कथा) | ७९ वाक्य |
| ११ | सहरिया जीवन भन्दा गाउँले जीवन सुखी हुन्छ (वादविवाद) | ७६ वाक्य | कम्पुटर मान्छेको सहयोगी यन्त्र (प्रबन्ध) | ३८ वाक्य |
| १२ | राष्ट्रको अखण्डता (कविता) | २४ पङ्क्ति | गरिब (कविता) | २४ पङ्क्ति |

| | | | | |
|---|---|---|---|---|
| १३ | युधिष्ठिरको परीक्षा (कथा) | ९८ वाक्य | माइकल फराडे (जीवनी) | ६५ वाक्य |
| १४ | लुइ पास्चर (जीवनी) | ४३ वाक्य | मुर्खताको परिणाम (कथा) | ५१ वाक्य |
| १५ | वातावारणको रक्षा (प्रबन्ध) | ६७ वाक्य | राम्रो लाउनु भन्दा मिठो खानु वेश (वादविवाद) | ८८ वाक्य |
| १६ | महामानव गौतम बुद्ध (जीवनी) | ८६ वाक्य | प्रभात (कविता) | १० पङ्क्ति |
| १७ | हिमाल (प्रबन्ध) | ३९ वाक्य | हरित गृह प्रभाव (प्रबन्ध) | ६५ वाक्य |
| १८ | प्रधानाध्यापकलाई निवेदन (निवेदन) | ११ वाक्य | चटक (कथा) | ९१ वाक्य |
| १९ | गुरुशिष्यको सम्बन्ध (प्रबन्ध) | ३३ वाक्य | भाईलाइ चिठी (चिठी) | २७ वाक्य |
| २० | नेपाल आमाप्रति (कविता) | १६ पङ्क्ति | नेपाल(कविता) | २० पङ्क्ति |
| २१ | समाजसेवी तुलसीमेहर (जीवनी) | ४३ वाक्य | | |
| २२ | सारौँ र कमिलो (कथा) | ११४ वाक्य | | |

# परिशिष्ट - 'ग'

## निर्धारित सामग्री, विधागत वाक्य/सम्वाद/पङ्क्ति विवरण

| क.सं. | विधा | पाठसंख्या | हा. ने.कि.- ६ | पाठसंख्या | मे.ने.मा. |
|---|---|---|---|---|---|
| | | | वा.प.वार्ता | | वा.प.वार्ता |
| १ | कविता | ४ | ८० पङ्क्ति | ५ | ८० पङ्क्ति |
| २ | कथा | ५ | ४४० वाक्य | ५ | ३५७ वाक्य |
| ३ | संवाद | १ | ४३ वार्ता | १ | १९ वार्ता |
| ४ | वादविवाद | १ | ७६ वाक्य | १ | ८८ वाक्य |
| ५ | जीवनी | ४ | २१९ वाक्य | २ | १०७ वाक्य |
| ६ | चिठी | २ | ३४ वाक्य | २ | ३६ वाक्य |
| ७ | प्रबन्ध | ५ | २६२ वाक्य | ३ | १३८ वाक्य |
| ८ | निबन्ध | - | - | १ | ३७ वाक्य |
| जम्मा | | २२ | | २५ | |

# व्यक्तिगत विवरण

नाम : रेणुका पन्थी

बाबुको नाम : कोशलेश्वर पन्थी

आमाको नाम : कृष्णकुमारी पन्थी

जन्मस्थान : थानपती-१, गुल्मी

स्थायी ठेगाना : थानपती-१, गुल्मी

सम्पर्क मोवाइल नं. ९८४७१६९०११, ९७४१०८५६५२

**शैक्षिक योग्यता**

| क्र.सं. | तह | उत्तीर्ण वर्ष | बोर्ड | संस्था |
|---|---|---|---|---|
| १ | एस.एल.सी. | २०४७ | नेपाल सरकार | संस्कृत मा.वि., गुल्मी |
| २ | उत्तर मध्यमा | २०५१ | ने.सं.वि.वि. | रुरु सं. विद्यापिठ, गुल्मी |
| ३ | विशिष्ट उत्तर मध्यमा | २०५५ | ” ” | ” ” |
| ४ | शास्त्री | २०५५ | ” ” | ” ” |
| ५ | विशिष्ट शास्त्री | २०५७ | ” ” | ” ” |
| ६ | एम.ए. | २०६० | त्रि.वि. | त्रि.वि., कीर्तिपुर |
| ७ | बी.एड. | २०६१ | त्रि.वि. | त्रि.वि., कीर्तिपुर |
| ८ | एम.एड. | | त्रि.वि. | तानसेन बहुमुखी क्याम्पस, पाल्पा |